# वर्गदृष्टि

Bargadristi Weekly साप्ताहिक

वर्ष ४ अङ्क ३१ पूर्णाङ्क १७६ | २०७६ फागुन २६ गते सोमबार | Monday, 9 Mar, 2020 | पृष्ठ ८ | मूल्य रु. १०|-


## अखिल क्रान्तिकारीले सम्झियो सहिद बेनोज अधिकारीलाई



काठमाडौं । २०५८ साल फागुन २२ गते बिराटनगरबाट गिरफ्तार गरी २ दिनको चरम यातना पश्चात् आजकै दिन फागुन २४ गते हिरासतमा गोली हानी हत्या गरिएका सहिद बेनोज अधिकारीलाई अखिल (क्रान्तिकारी)ले सम्झियो । नेकपा (क्रान्तिकारी माओवादी) निकट अखिल (क्रान्तिकार ी)ले तत्कालीन विद्यार्थी संगठनका उपाध्यक्ष रहेका सहिद अधिकारीको श्रद्धाञ्जली कार्यक्रम समेत सम्पन्न गऱ्यो ।

अ खि ल बाँकी ४ पेजमा

# 'महिला मुक्तिको लागि वैज्ञानिक समाजवाद र साम्यवाद अपरिहार्य'






तस्बिर : अमिट योञ्जन

● **अनु निरौला**

काठमाडौं । श्रम कार्यदिवस, श्रमको समान ज्याला, राजनीतिक मताधिकार, सबै प्रकारका भेदभावका विरुद्ध अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस मनाउन सुरु गरेको प्रसंग कोट्याउँदै नेकपा (क्रान्तिकारी माओवादी)का महासचिव मोहन वैद्य'किरण'ले आजकल महिला दिवस मात्रै भनिन्छ 'श्रमिक'को प्रयोग गर्न छाडिएको बताउनु भयो । सर्वहारावर्गका श्रमिक महिला अन्दोलनको उपलब्धिको रूपमा नै ८ मार्च मनाउन थालिएको बताउँदै महासचिव किरणले सबैले यो दिवस मनाउनु खुशीको कुरा भएपनि महिला दिवसमा 'श्रमिक' शब्द छुटाइनु दुःखको कुरा भएको बताए । "श्रमिक शब्द कता हरायो ?' महासचिव किरणले प्रश्न गरे, "महिला मुक्ति श्रमिक महिला वर्गहरूलाई चाहिएको होइन र ?' आदिम साम्यवादी समाजमा मातृसत्ता रहेको विभिन्न तथ्य प्रमाणले पुष्टि गरेको र त्यसबेला शोषण उत्पीडन नरहेको, शोषण उत्पीडनको स्रोत भनेको निजी सम्पत्ति, परिवार र राज्यसत्ता भएको भन्दै महासचिव किरणले त्यहींबाट पितृसत्ताको सुरुवात भएको बताउनु भयो । उहाँले भन्नुभयो, "पितृसत्ताले महिलामाथि उत्पीडन सुरु गऱ्यो ।" दासयुग, सामन्तवादी युग, पुँजीवादी युग सबै पितृसत्तामा आधारित राज्यव्यवस्था भएको चर्चा गर्दै महासचिव किरणले वास्तविक अर्थमा श्रमिक महिला वर्गको मुक्ति वैज्ञानिक समाजवाद हुँदै साम्यवादी युगमा मात्र हुने स्पष्ट पार्नुभयो ।

महिलाहरू तुच्छ घरेलु दासको रूपमा रहँदै आएको भन्दै महासचिव किरणले त्यसका लागि महिलाहरू घरबाट बाहिर निस्केर सामाजिक र राजनीतिक काममा संलग्न हुनुपर्ने आवश्यकता औल्याउनु बाँकी ५ पेजमा

## डा.ऋषिराज बराललाई 'हृदयचन्द्रसिंह सम्मान' प्रदान गरिने



काठमाडौं । 'साहित्य सदन' नेपालले यसपल्टको 'हृदयचन्द्रसिंह सम्मान' नेपाली साहित्यको आख्यान तथा समालोचनाका क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएवापत डा. ऋषिराज बराललाई प्रदान गर्ने निर्णय गरेको छ । सो संस्थाका महासचिव तथा कवि मित्रलाल पज्ञानी संयोजक, वरिष्ठ आख्यानकार नारायण ढकाल तथा कवि तथा सामाजिक अभियन्ता वसन्त रिजाल सदस्य रहेको पुरस्कार समितिको हालै बसेको बैठकले सो निर्णय गरेको कुरा संयोजक तथा महासचिव पज्ञानीले बताएका छन् ।

२०४२ सालमा स्थापित सो संस्थाले प्रदान गर्ने पुरस्कार राशि रू. २५०००/- रहेको छ । २०५७ देखि अहिलेसम्म यो पुरस्कार साहित्यकार शान्तदास श्रेष्ठ, समालोचक राजेन्द्र सुवेदी, कवि तथा निबन्धकार विमल निभा, आख्यानकार नारायण ढकाल, समालोचक निनु चापागाईं लगायतक १० जना स्रष्टाले प्राप्त गरिसकेका छन् । गत साल सो पुरस्कार चैतन्य नामले साहित्यिक क्षेत्रमा स्थापित वरिष्ठ सौंन्दर्य चिन्तक मोहन वैद्य 'किरण' लाई प्रदान गरिएको थियो ।

आख्यानकार तथा समालोचक डा. ऋषिराज बरालका २ दर्जन भन्दा बढी साहित्यिक पुस्तकहरू प्रकाशित छन् र राजनीतिक तथा पत्रकारिताको क्षेत्रमा पनि उनको विशिष्ट योगदान रहेको छ । उनका प्रकाशित पुस्तकहरूमा

**उपन्यास**

१. भावना (२०३४) २. कमरेड बाँकी ८ पेजमा

## अखिल (क्रान्तिकारी)का अध्यक्ष गजुरेल र उपाध्यक्ष न्यौपाने पक्राउ, झुठा मुद्दा खारेज गरी रिहा गर्न चौतर्फी दबाब



काठमाडौं । नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी) निकट अखिल (क्रान्तिकारी)का अध्यक्ष हरिकृष्ण गजुरेल र उपाध्यक्ष शिलु न्यौपानेलाई प्रहरीले विनाकारण पक्राउ गरेर हिरासतमा राखेको छ । हिरासतमा रहेका उनीहरूलाई प्रहरीले झुठा मुद्दा लगाएको संगठनका महासचिव पेशल दाहालले बताएका छन् । गिरफ्तार नेताहरूको विनाशर्त तत्काल रिहाईका लागि संगठनले निरन्तर दबाब दिइरहेको छ । संगठनले पक्राउ परेकै भोलिपल्ट महाराजगंज स्थित प्रहरी कार्यालयकै गेटमा धर्ना दिंदै चर्को नाराबाजीसहित कोणसभा गरेका थिए भने २३ गते आम शैक्षिक हड्तालको आव्हान गरेको थियो । तर कोरोना भाइरसको बढ्दो प्रभाव र बाँकी ८ पेजमा

## क्रान्तिकारी माओवादीको अभियानसँगै सहिद सप्ताह



काठमाडौं । नेकपा (क्रान्तिकारी माओवादी) ले 'राष्ट्रिय स्वाधीनताको रक्षा र संगठन विस्तार' अभियानकै क्रममा फागुन १४ देखि २१ सम्म सहिद सप्ताह मनाएको छ । सहिद सप्ताहको क्रममा सहिद परिवारसँग भेटघाट, अन्तर्क्रियासँगै सहिद तथा वेपत्ता योद्धा परिवारलाई सम्मान गरिएको छ ।


प्राप्त जानकारी अनुसार फागुन २१ गते सहिद सप्ताहको अन्तिम दिन ६ नं. प्रदेश अभियान टोलीले सुर्खेतको जामुने बजारमा वीर सहीदहरूप्रति श्रद्धान्जली अपर्ण गर्दै कोणसभा सम्पन्न गऱ्यो । उक्त कोणसभाको सञ्चालन तेजविक्रम शाहीले गरेका थिए भने वक्ताको रूपमा चक्रपाणी शर्मा र दिपक बहादुर शाहीले सम्बोधन गरेका थिए ।

त्यसै दिन दिउसो सुर्खेत बोटेचौरमा अर्को कोणसभाको आयोजना गरियो । दिपक बहादुर शाहीले संचालन गरेको उक्त कोणसभालाई अखिल क्रान्तिकारीका विद्यार्थी नेता नेत्र बहादुर शाही र पार्टी नेता तेजविक्रम शाहीले सम्वोधन गरेका थिए । त्यसको लगत्तै सुर्खेत मेलकुनामा पनि कोण सभा सम्पन्न गरियो । क्रान्तिकारी माओवादी सुर्खेत जिल्ला पार्टी सचिव श्याम केसी, विद्यार्थी नेता हिक्मत र पार्टी नेता चक्रपाणी शर्माले सम्बोधन गरेको उक्त कार्यक्रमलाई दिपक शाहीले संचालन गरेका थिए । त्यसै दिन बेलुका सुर्खेत छिन्चुमा अर्को कोणसभाको आयोजना गरियो, जसमा संचालक दिपक बहादुर शाही र वक्ताहरूमा चक्रपाणी शर्मा रामसिंह श्रीस थिए । कार्यक्रमहरूमा अमर राहदीले जनवादी जनवादी गीत गाएका थिए ।

यसअघि उक्त अभियान टोलीले मंगलबार सल्यानको खारमारे र मौलाहालेमा कोणसभा सम्पन्न गरेको थियो । खारमारेको कोणसभालाई पार्टीका स्थायी समिति सदस्य तथा पश्चिम ब्यूरो इन्चार्ज रामसिंह श्रीस र केस दीपकबहादुर शाहीले सम्बोधन गरेका थिए भने सञ्चालन केस तेजविक्रम शाहीले गरेका थिए । कार्यक्रममा कलाकार अमर राहदीले प्रस्तुत गरेको क्रान्तिकारी गीतले कार्यक्रमलाई आकर्षक बनाएको थियो ।

त्यसैगरी मौलाहालेको कोणसभाको बाँकी ५ पेजमा

# नेपालमा कोरोना भाइरसको प्रभाव



काठमाडौं । ३१ डिसेम्बर २०१९ मा चीनको उहानबाट फैलिएको कोरोना भाइरसबाट हालसम्म विश्वका सयभन्दा बढी देश प्रभावित भइसकेका छन् ।

नेपालसमेत यो रोगको उच्च जोखिममा रहेको विश्व स्वास्थ्य सङ्गठनले जानकारी गराइसकेको छ । यद्यपि नेपालमा अहिलेसम्म एक नेपालीबाहेक अरूमा यो रोगको संक्रमण भेटिएको छैन । संक्रमित व्यक्ति पनि अहिले उपचार गरेर फर्किसकेका छन् ।

कोरोनाको सङ्क्रमणबाट जोगिन नेपाल सरकारले विभिन्न नाकामा हेल्पडेक्स स्थापनादेखि अत्यावाश्यक कामबाहेक अन्य देशमा नजान, शैक्षिक संस्थाहरूमा सतर्कता अपनाउन निर्देशन जारी गरिसकेको छ । त्यस्तै सभा, सम्मेलन र भोजभतेर समेत नर्गन सरकारले अनुरोध गरेको छ । शैक्षिक, आर्थिक र राजनीतिक क्षेत्रमा समेत यसको प्रभाव विस्तारै बढ्न थालेको छ । जसले मुलुकको समग्र अवस्थालाई थला पार्ने सङ्केतहरू देखिन थालेका छन् ।

राजनीतिक पार्टीहिरूका सार्वजनिक कार्यक्रमहरू स्थगित

कोरोना भाइरसकै कारण नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी)ले राष्ट्रिय स्वाधीनताको रक्षा र संगठन विस्तारको अभियान १५ दिनका लागि स्थगित गरेको छ । महासचिव मोहन वैद्य किरणले कारोनाको सङ्क्मणलाई ख्याल गर्दै पूर्वनिर्धारित कार्यक्रम स्थगित गर्नुपरेको जनाएका छन् । उनले फागुन २३ गते विज्ञप्ति जारी गर्दै कोरोना भाइरस विश्वभरि विस्तार हुँदै गइरहेको र आजसम्म यसको प्रकोप नेपालमा नदेखिए पनि यसबाट पैदा हुनसक्ने खतराप्रति सतर्कता बढाउनु आवश्यक रहेको भन्दै अभियान स्थगित गरेको जनाएका छन् ।

यो स्थितिमा सम्भावित खतराबाट जोगिनका लागि क्वारेन्टाइन तथा आइसोलेसन क्षेत्रको व्यवस्था गर्न र आवश्यक डक्टर, नर्स तथा औषधिको व्यवस्था मिलाउन पनि सो पार्टीले सरकारसँग जोडदार माग गरेको छ ।

'यस स्थितिमा कोरोना भाइरसका कारण पैदा हुन सक्ने सम्भावित खतरामाथि ध्यान दिंदै हाम्रो पार्टीको नेतृत्वमा देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपाल र जवस तथा मोर्चाहरूले संयुक्त रूपमा सञ्चालन गर्दै आएको ४ महिने 'राष्ट्रिय स्वाधीनताको रक्षा र सङ्गठन विस्तार अभियान' १५ दिनका लागि स्थगित गरिएको छ', महासचिव मोहन वैद्य किरणद्वारा जारी विज्ञप्तिमा भनिएको छ ।

बाँकी ४ पेजमा

## सन्दर्भ : ११०औं अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस

## यस्तो छ अन्तर्राष्ट्रिय श्रमिक क्रान्तिकारी महिलाहरूको वीरताको इतिहास



● हस्तबहादुर श्रेष्ठ ●

**'महिलाहरूको व्यापक सहभागिताविना समाजवादको स्थापना असंभव छ ।'**

*–भ्लादिभिर इलियच लेनिन*

सन् १९११ देखि संसारका श्रमिक महिलाहरूले ८ मार्चलाई अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसका रूपमा मनाउँदै आएका छन् ।

सन् १८५७ मा अमेरिकी महिलाहरूले न्यूयोर्कमा रहेको कपडा मिलमा आफूहरूलाई पनि पुरुष सरह समान श्रम र समान पारिश्रमिक पाउनु पर्ने माग राखि इतिहासमै पहिलो पटक हड्तालमा उत्रिएका थिए ।

यो विश्वकै पहिलो सशक्त र



संगठित महिला विद्रोह थियो । र, त्यही संघर्षको निरन्तरता स्वरूप सोही मिलमा तीन वर्षपछि सन् १८३० को मार्च ८ मा पहिलो महिला संगठन स्थापना गरेका थिए । यसैक्रममा केही वर्ष पछि फ्रान्सको पेरिसमा सन् १८८९ मार्च ८ कै दिन भएको श्रमिक महिलाहरूको पहिलो अन्तर ाष्ट्रिय सम्मेलनमा सर्वप्रथम महिला नेतृ क्लारा जेट्किनले महिला पुरुष बीचको समानता र अधिकारबारे संबोधन गरेकी थिइन् । यस्तै सन् १८९७ मार्च ८ कै दिन अमेरिकाको औद्योगिक शहर न्यूयोर्कमा ज्याला र दश घण्टाभन्दा बढी कामको विरोधमा जुलुस, आमसभा र हड्ताल गरेका थिए । यहाँनेर थोरै इतिहासको श्रृंखलाको कडीमा जोडौं

विश्वमानव समाजको

विकासको बाँकी ४ पेजमा

## सम्पादकीय

# श्रमिक महिला दिवस मनाउनुको अर्थ

८ मार्च अर्थात् २५ गते २०७६ मा विश्वभरका श्रमजीवि शोषित उत्पीडित महिलाहरूले ११० औं अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस मनाए । विभिन्न कार्यक्रम गरी नेपालका शोषित उत्पीडित महिलाहरूले पनि अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस मनाए । अन्तर्राष्ट्रिय महिला दिवसलाई श्रमजीवि शोषित उत्पीडित महिलाहरूले आफूहरूमाथि राजनीतिक, आर्थिक, सामाजिक, साँस्कृतिक रूपमा लादिएको विभेद, शोषण, दमन र उत्पीडनका विरुद्ध विद्रोह गर्ने तथा मूलतः राजनीतिक अधिकार प्राप्तिको आन्दोलनको संकल्पसहित मनाउने गर्दछन् । यसपटक पनि खासगरी श्रमजीवि शोषित उत्पीडित क्रान्तिकारी महिलाहरूले महिला मुक्ति आन्दोलनको संकल्प गर्दै यो दिवस मनाएका छन् ।

नेपालमा श्रमजीवि शोषित उत्पीडित महिलाहरूले आफ्नो मुक्तिका निम्ति विभिन्न कालखण्डमा विभिन्न आन्दोलन गर्दै आएका छन् । हरेक राजनीतिक आन्दोलन, संघर्ष, युद्ध वा क्रान्तिमा महिलाहरूले महत्वपूर्ण त्याग र बलिदानको कीर्तिमान पनि कायम गर्दै आएका छन् । दशवर्षे जनयुद्धमा महिलाहरूको करिब ४० प्रतिशत भन्दा बढी सहभागिता रहेको थियो । हजारौं महिलाहरूले जनयुद्धमा बलिदान गरे । युद्धमोर्चाको अग्रमोर्चामा रहेर लड्ने देखि प्रतिक्रियावादी जेल ब्रेक गरेका गौरवशाली इतिहास जनयुद्धको क्रममा नेपाली महिलाहरूले रचे । तर महिलाहरूले अपेक्षित अधिकार प्राप्त गर्न सकेनन् । खासगरी दशवर्षे जनयुद्धमाथि धोका र गद्दारी भएसँगै हावी हुन पुगेको पुरानै वर्गसत्ताका कारण श्रमिक वर्गयि महिलामाथिको उत्पीडन अझ बढेर गएको छ ।

दशवर्षे जनयुद्ध, १९ दिने जनआन्दोलन, मधेस आन्दोलन तथा आदिवासी जनजाति आन्दोलनको उपलब्धिको रूपमा स्थापित संघीय लोकतान्त्रिक गणतन्त्रात्मक संसदीय व्यवस्थाले संविधानको मौलिक हकअन्तर्गत धारा ३८ को महिलाको हकमा प्रत्येक महिलालाई लैंगिक भेदभावबिना समान वंशीय हक हुने, महिलाको सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्यसम्बन्धी हक हुने, महिलाविरूद्ध धार्मिक, सामाजिक, सांस्कृतिक परम्परा, प्रचलन वा अन्य कुनै आधारमा शारीरिक, मानसिक, यौनजन्य, मनोवैज्ञानिक वा अन्य कुनै किसिमको हिंसाजन्य कार्य वा शोषण गर्न नहुने, यदि त्यस्तो कार्य भए कानुनबमोजिम दण्डनीय हुने र पीडितलाई कानुनबमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ भन्ने व्यवस्था गरेको छ ।


तर विभिन्न प्रकारका घरेलुहिंसा, यौनहिंसा, बलात्कार गर्भमै लिंग पहिचान गरी गरिने भ्रूणहत्या, बोक्सीको आरोपमा गाउँ निकाला, दाइजो प्रथाका नकारात्मक असरले उकासेको सामाजिक विकृति र महिला उत्पीड़न, छाउगोठभित्र मृत अवस्थामा भेटिएका झुमाहरू, बालविवाह, प्रेमप्रस्ताव अस्वीकारका निहुँमा पटक-पटक एसिड आक्रमण आदि अकल्पनीय र हृदयविदारक घटना थुप्रै संख्यामा दिनानुदिन भइरहनुले महिलाले प्राप्त गरेका हक् र अधिकारका विषय केबल कागजमा सीमित हुन पुगेका छन् । पैत्रिक सम्पत्तिमा छोरासरहको हक, समान कामको समान ज्याला, राज्यका सबै निकायमा सहभागिताको व्यवस्था, शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदका आधारमा विशेष अवसर प्रदान गर्ने, सम्पत्ति तथा पारिवारिक मामिलामा दम्पत्तिको समान हक हुने व्यवस्था गरिएको भएपनि त्यसको पितृसत्तावादी सोच तथा मानसिकताले गर्दा कार्यान्वयन भएको छैन । र, कानुनका हरेक दफा र धारा हिन्दु धर्मशास्त्रबाट प्रभावित रहेका कारण पनि त्यो हुने पनि देखिन्न ।

वर्गयि समाजमा हरेक कुरा वर्गयि हुन्छ भनेझैं अहिलेको सत्ताको वर्गचरित्र नै महिलामाथि हुने सबै प्रकारका भेदभाव, शोषण र उत्पीडनको कारक तत्वको रूपमा रहेको छ । यो व्यवस्था भनेको दलाल तथा नोकरशाही पुँजीपतिवर्ग र सामन्तवर्गको हितरक्षामा आधारित रहेको छ । वर्तमान राज्यव्यवस्था तथा संविधान भित्रबाट महिलाहरूको वास्तविक मुक्ति सम्भव छैन । राज्यका सबै स्रोतसाधनको समानुपातिक रूपमा वितरण गर्ने राज्यप्रणालीको स्थापना नभएसम्म महिलामाथि हुँदै आएको विभेद र उत्पीडनका अन्त्य सम्भव छैन । विशेष अधिकारसहित महिलाहरूलाई राज्यका सबै निकायमा पहुँच स्थापित गर्दै राजनीतिक, आर्थिक, सामाजिक अधिकारहरूको प्रत्याभूतिको ग्यारेण्टी भनेको नयाँ जनवादी तथा समाजवादी राज्यव्यवस्थामा मात्र सम्भव हुन्छ । वर्गमुक्तिविना लैङ्गिक मुक्ति सम्भव छैन । जर्मनीकी मार्क्सवादी नेतृ क्लारा जेट्किनले सन् १९१० मा कोपेनहेगेनमा आयोजित महिलाहरूको द्वितीय अन्तर्राष्ट्रिय सम्मेलनमा ८ मार्चलाई अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसको रूपमा मनाउन प्रस्ताव गरेनुसार सन् १९११ देखि मनाउन थालिएको अन्तर्राष्ट्रिय महिला दिवसको सारतत्व भनेको यही हो । यसको गहिरो अर्थ, महत्व र आवश्यकताको बोधसहित महिला मुक्ति आन्दोलनलाई वर्गयि मुक्ति आन्दोलनसँग जोडेर अगाडि बढाउने संकल्प गर्नु नै शोषित उत्पीडित श्रमजीवि महिलाहरूको आजको प्रमुख र ऐतिहासिक कार्यभार हो ।

परिवर्तनको सम्वाहक
मूलबाटो
सत्यतथ्य निष्पक्ष खबर तथा
विचारका लागि सधैं हेर्ने र पढ्ने गरौं ।
www.moolbato.com

# 'राष्ट्रिय स्वाधीनता र संगठन विस्तार अभियान'मा चितवन

*जनता देशभक्तिपूर्ण आन्दोलनमा जोडिने वा संघर्षको विकास गर्ने काम आशा गरे जति अगाडि बढ्न सकेको छैन तै पनि व्यापक रूपमा प्रचारप्रसार भएको छ तर छरिएर रहेका देशभक्त शक्ति तथा व्यक्तिहरूलाई संगठनमा आबद्ध हुन सकेको छैन । राष्ट्रिय स्वाधिनताको रक्षा र संगठन विस्तार अभियानमा सोचेअनुसार संगठन विस्तार हुन सकेको पाइएन । यद्धपि यो अभियानले भावी दिनहरूमा संगठन विस्तार गर्नका लागि मद्दत अवश्य पुग्ने छ । साथै छोटो समयमा यति धेरै कार्यक्रमहरू सफलतापूर्वक सम्पन्न भए तर आम सञ्चारका माध्यमहरूबाट प्रचारप्रसार गर्ने विषयमा पनि हाम्रो ध्यान पुग्न सकेन । यथार्थता के पनि हो भने कतिपय मिडियाहरूले हाम्रो यो कार्यक्रमलाई प्रचार गर्न रूची देखाएनन्*



● घननाथ सापकोटा ●

*भूमिका*

नेपालजस्तो अर्धसामन्ती र अर्ध(नव) औपनिवेशिक देसमा वास्तविक क्रान्तिकारी कम्युनिस्ट पार्टीको तत्कालीन कार्यभार त्यस देसमा जनगणतन्त्रको स्थापना गर्नु हो । यो काम सम्पन्न गर्नका लागि मार्क्सवाद-लेनिनवाद-माओवाद विचारमा आधारित सिद्धान्तयुक्त मिलिटयाण्ट पार्टीको आवश्यकता पर्दछ । हाम्रो देसको डबल नेकपा नामको कम्युनिष्ट पार्टीहिरूजस्ताले क्रान्ति गर्ने होइनन, जनतामा भ्रम सृजना गरेर क्रान्तिको गला रेटने काम गर्दछन । यि नक्कली कम्युनिष्टहरूले संसदीय व्यवस्थाभित्र पसेर सक्दो शोषण भ्रष्टाचार गर्दछन । त्यसपछि त्यसप्रकारको कुकर्मको प्रायश्चित्त गर्नको लागि महायज्ञ गर्ने,मठमन्दिर धाँउँदै उदघाटन तथा पुजा अर्चना गर्दै हिडछन । नेपालजस्तो अर्धसामन्ती र अर्ध(नव)औपनिवेशिक देसको क्रान्ति सम्पन्न गर्नका लागि दुइवटा शक्तिमाथि विजय प्राप्त गर्न अनिवार्य हुन आउँछ । त्यो भनेको वैदेशिक साम्राज्यवादी तथा विस्तारवादी शक्ति र देसभित्रको घरेलु प्रतीक्रियावादी शक्ति । हामीलाई विश्व क्रान्तिको इतिहासले यहि पाठ सिकाएको छ कि नेपालको क्रान्ति सम्पन्न गर्नका लागि पनि यिनै दुई शक्तिमाथि विजय प्राप्त गर्नै पर्दछ । ठुलो जनसङ्घर्षबाट मात्र यसप्रकारको काम फत्ते गर्न सकिन्छ । निरन्तरको वर्गसङ्घर्ष संचालन गरिरहँदा कुनै समय राष्ट्रियता सम्बन्धी विषय प्रधान बनेर आँउदो रहेछ त्यसवेला वैदेशिक शक्तिका विरुद्ध सङ्घर्ष प्रधान बनाउने र कुनै समय जनतन्त्र, जनजीविकाको विषयलाई प्रधान बनाएर घरेलु प्रतिक्रियावादी शक्तिका विरुद्धको सङ्घर्षलाई प्रधान बनाउन पर्दोरहेछ । आन्तरिक राष्ट्रियता बलियो नभइकन देसको समग्र वाह्य राष्ट्रियता बलियो हुनै सक्दैन । आन्तरिक राष्ट्रियता बलियो हुनका लागि देसमा जनगणतन्त्र स्थापना हुन पर्दछ । जनगणतन्त्रले मात्र वाह्य राष्ट्रियतालाई मजबुत बनाउन सक्दछ । यो विषय ए सिक्काका दुइ पाटाजस्तै हो । वर्तमान समयमा हाम्रो देसमाथि वैदेसिक हस्तक्षेप अत्यन्त बडेर गएको छ । देसभित्र जतिजति वर्गसङ्घर्ष विकास भएर अगाडि बड्दछ त्यति त्यति वैदेशिक हस्तक्षेप पनि आम्नेसाम्ने भएर आँउदो रहेछ ।

***नेकपा (क्रान्तिकारी माओवादी)को केन्द्रिय समितिको बैठक***

नेकपा (क्रान्तिकारी माओवादी)को २०७६ मंसीर २६बाट २९सम्म सिराहाको गोलबजारमा बसेको केन्द्रिय समितिको बैठकले तत्कालका लागि वाह्य साम्राज्यवादी र विस्तावरवादी हस्तक्षेपका विरुद्ध सङ्घर्षलाई प्रधान बनाएर अगाडि बडने निष्कर्ष लिएको थियो । भारतले सयौं ठाउँमा नेपालको सिमाना मिचेकै छ । देसभित्रका संसदीय व्यवस्थामा शासकहरूको आत्मसमर्पणवादी नीति र भारतको विस्तारवादी नीतिले गर्दा नेपालको कालापानी लिम्पियाधुरा, लिपुलेकसहितको तिनसयबहत्तर वर्ग कि.मि. भुमि भारतले आफनो नक्सामा पारेर नेपालको नक्कली नक्सा छापेर नेपालमा पठायो, जुन नेपालका सरकारी कार्यालय संघ संस्थामा टाँसेर सोहि मुताबिक कामकाज गरेको देख्न सक्दछौं । उता अमेरिकाले उसको सैन्य रणनीति इण्डोप्यासिफिक रणनीति विकासोन्मुख साना पछौटे मुलुकहरूमा आफनो सेनाको क्याम्प खडा गरेर त्यसदेसको प्राकृतिक स्रोतसाधन कब्जा गर्ने र ति देसहरूमा अस्थिरता पैदा गराएर आफनो स्वार्थ पुरा गर्ने रणनीति अन्तर्गत मिलिनियम च्यालेन्ज कर्पोरेसन मार्फत केहि अरब पैसा लिएर नेपाल प्रवेश गर्ने योजना बनायो । नेपालको हकमा नेपालीभुमि प्रयोग गरेर चिन विरोधी गतिविधि गर्ने यो उसको उद्धेश्य निहित छ । यी नेपालका बाहिरी दुश्मनका विरुद्ध सङ्घर्षलाई केन्द्रित नगर्ने हो भने हाम्रो राष्ट्रियता खतरामा पर्ने पक्कापक्की छ ।

***केन्द्रीय समितिको निर्णय कार्यान्वयनमा चितवन जिल्ला पार्टी***

नेकपा(क्रान्तिकारी माओवादी)ले यसप्रकारको हस्तक्षेपका विरुद्ध लडन अभियानै बनाएर अगाडि बडने जुन निर्णय गरेको थियो र जसमा राष्ट्रियतालाई लिएर सङ्घर्ष गर्ने त्यसबाट प्राप्त भएको पुँजीलाई सङ्गठनमा बाँडने त्यसपछि फेरि सङ्घर्ष गर्ने मूल योजना मुताविक उक्त योजना सम्पन्न गर्नको लागि पौष महिनाभर पार्टीका सबै तहको बैठ सम्पन्न गरेर योजना निर्माण गर्ने र माघ महिनाबाट अभियान सुरु गर्ने योजना मुताबिक चितवनमा माघ १५ गतेबाट अभियानको उदघाटन गरियो । जिल्लापार्टीको आत्मगत तथा वस्तुगत अवस्था अनुसार माघ १५ गते एउटा गाडी भाडामा लियौं र आवश्यक पर्ने सामान हँसिया हथौडा अङकित विश्व कम्युनिस्ट पार्टीको झण्डा, देजमो नेपालको झण्डा साथै जनवर्गीय सङ्गठन र जातीय मोर्चाहरूको झण्डा, नेपालको राष्ट्रिय झण्डा, पार्टी केन्द्र र देजमो केन्द्रले छापेको तिन ओटा नेपालको नक्सासहितको पर्चा, एउटा नेपालको लिपुलेक, लिम्पियाधुरा र कालापानीसहितको वास्तविक चुच्चेनक्सा र अरु दुइवटा भारतले जारी गरेको लिपुलेक, कालापानी र लिम्पियाधुरा न भएको नक्कली नक्सा र अर्को भारतले जारी गरेजस्तै नेपाल सरकारको नापी विभागले जारी गरेको नक्सासहितको ठुलो ब्यानर अरु साना साना ब्यानरहरू, राष्ट्रियता झल्कने अरु नेपालका नक्सा ब्यानरहरू कोहि गाडिमा टाँसियो, कोहि गाडिभित्र राखेर पहिलो कार्यक्रम चितवन र मकवानपुरको सिमाना लोथरबाट सुरु भयो । २०७६ माघ १५ गते राप्तिनगरपालिका वडा नं १ लोथर पुर्वपश्चिम राजमार्गमा एकोणसभा सम्पन्न भयो, जुन कार्यक्रमको संचालन प्रकासबाबु खनालले गर्नु भएको थियो । राष्ट्रिय स्वाधीनता लिपुलेक, कालापानी, लिम्पियाधुरा तुरुन्त भारतको नक्साबाट हटाएर नेपालको नक्सामा कायम गर्ने र उक्त भुमि नेपालको स्वामित्वमा हुनु पर्नेलगायत अमेरिकाबाट प्रदान गरिएको मिलिनियम च्यालेन्ज कर्पोरेशन देसको स्वाभिमानलाई आँच पुग्ने भएकोले यसलाई खारेज गर्नुपर्ने विचारसहित देजमो चितवन जिल्ला अध्यक्ष बाबुराम परियार र वैकल्पिक पार्टी केन्द्रिय सदस्य विकासले पार्टी सङगठनका विचार राख्ने काम भयो । उक्त कार्यक्रममा राप्तिनगरपालिका बाट उद्धव सापकोटा, रविन्द्र श्रेष्ठ, गुणराज श्रेष्ठ, सृजना शाहलगायत कमरेडहरूको बाक्लो उपस्थिति रहेको थियो । लोथरबजारभरि पर्चा वितरण गरियो । चितवन र मकवानपुरको सिमामा रहेको पुलमा तिनओटा नेपालको नक्सा भएको एक ब्यानर टाँसेर छोडियो । उक्त कार्यक्रममा नेपाल प्रहरीका जवानले सामान्य सोधपुछ गरेका थिए । त्यसै दिन दोश्रो कार्यक्रम राप्तिनगरपालिकाको भण्डाराबजार चोकको प्रतिक्षालयमा गरियो । प्रकासबाबु खनालले सन्चालन र बाबुराम परियार र पार्टी सेक्रेटरी अशोक शर्माद्धारा राष्ट्रिय स्वाधीनता सम्बन्धी गहन विचार राख्ने काम भयो । यहाँ पनि व्यापक पर्चा वितरण र चोकको प्रतिक्षालयमा नेपालको नक्सा भएको व्यानर टाँस्ने काम भयो । यहाँ नेपाल प्रहरीले कार्यक्रम रोक्न निकै जोड गऱ्यो, तर पनि कार्यक्रम सम्पन्न गरियो । यसपछि खैरनिनगरपालिकाको पर्साबजारको चोकमा कार्यक्रम सम्पन्न भयो, जुन कार्यक्रममा सुरेश गौतम र विकासद्धारा विचार राख्ने काम भयो । यहाँ पनि पर्चा वितरण र प्रतिक्षालयमा व्यानर टाँस्ने काम गरियो । यहाँ प्रहरीले कार्यक्रम रोक्न निकै जोड गऱ्यो तर स्थानीय जनताको प्रतिरोधले प्रहरी पछाडि हटयो । जनताले "यि अभियानकर्मीले गर्न नहुने काम के गरेका छन र ? यिनले त देस बचाउने कुरा गरेका छन किन दमन गर्न खोज्दछौ । तिमिहरूले गर्ने काम पो यिनले गरेका छन" भनेपछि प्रहरी पछाडि हटने काम भयो ।

***तीनदलीय संयुक्त कार्यक्रम***

२०७६ माघ १६ गते तिन दल-देजमो नेपाल, राजमो नेपाल, नेकपा मालेको आयोजनामा इलाका स्तरीय राष्ट्रियता सम्बन्धी अन्तर्क्रिया कार्यक्रम सम्पन्न भयो । उक्त कार्यक्रममा देजमो नेपालका जिल्ला सचिव मोदनाथ मरहटठाले कार्यपत्र पेश गर्नु भयो र कार्यपत्रउपर टिप्पणी ने.क.पा. (क्रान्तिकारी माओवादी) जिल्ला सेक्रेटरी अशोक शर्मा, राजमो जिल्ला अध्यक्ष डम्वर पुरी र नेकपा मालेको जिल्ला सचिव परशुराम लामिछानेले राख्ने काम भयो । उक्त कार्यक्रम रत्ननगर नगरपालिकाको उद्योग वाणिज्य संघको हलमा सम्पन्न भएको थियो । हल चासो राख्ने देसभक्तहरूले खचाखच भरिएको थियो । त्यसैदिन रत्ननगर नगरपालिाको टाँडी बकुलहर चोकमा कोणसभा सम्पन्न गरियो उक्त कार्यक्रमलाई राजमो नेपालका डम्बर पुरी र नेकपा मालेका परशुराम लामिछानेद्धारा ऐक्यवद्धता जाहेर गर्ने काम भयो । यस कार्यक्रमको सन्चालन मोदनाथ मरहटठाले गर्नु भयो भने कार्यक्रमलाई संवोधन विकासले गर्नु भएको थियो । २०७६माघ २७ गते नेकपा (क्रान्तिकारी माओवादी), राष्ट्रिय जनमोर्चा र नेकपामालेको संयुक्त आयोजनामा भरतपुरको चौबिसकोठीमा कोणसभा सम्पन्न गरि नारा जुलुससहित नारायणगढको लायन्सचोकमा पुगि समापन गरियो । उक्त कार्यक्रमलाई सुरेश गौतमले सन्चालन गर्नुभयो । क्रान्तिकारी माओवादीको तर्फबाट अशोक शर्मा, देजमोको तर्फबाट बाबुराम परियार, राजमोको तफृबाट डम्बर पुरी र मेघनाथ नेकपा मालेको तफृबाट भगवती घिमिरेले सम्बोधन गर्ने काम भयो । चौबी कोठीमा डिउटीमा रहेको पहाडी मुलको प्रहरी जवानका उनी भारत र नेपालको सिमानामा बसेर आएका रहेछन् । यस्तो कार्यक्रम सशक्त बनाएर विकास गर्नु पर्दछ , यस्ता कार्यक्रमलाई सबै देशभक्तहरूले साथ दिनुपर्दछ । विदेशी हस्तक्षेप कस्तो हुन्छ भन्ने कुरा मलाई थाहा छ । सदरमुकाममा बस्नेहरूलाई के थाहा भनेर ऐक्यबद्धता जाहेर गरे । अर्का तराई मूलका प्रहरी जवानले सिमानाको रक्षा मधेसशीहरूले गरेका छन् यस्ता देशभक्तिपूर्ण कार्यक्रमहरूलाई सबैले पूर्ण रूपमा समर्थन गर्नु पर्दछ । मेरो पनि समर्थन छ । सिमानाको पीडा पहाडियाहरूलाई के थाहा ? पहाडिया प्रहरीहरूले त यस्ता कार्यक्रमलाई रोक्नुपर्दछ, दमन गर्नुपर्दछ भनेर भन्दछन् भनेर देशभक्तिपूर्ण विचारद्वारा हाम्रा कार्यक्रमलाई समर्थन गरे ।

***माघ २० गतेदेखि फागुन १ गतेसम्मका अभियानका कार्यक्रमहरू***

२०७६ माघ २० गते रामपुर चनैली, पर्सा ढाप र जितपुरमा कार्यक्रम सम्पन्न भयो । रामपुरको कार्यक्रममा मोदनाथ मरहटठाले सन्चालन गर्नु भयो । प्रकाश खनालले झयाउरे लयमा राष्ट्रियता सम्वन्धी मिठो गित गाउनु भयो । उक्त ठाउँको कार्यक्रमलाई अशोकशर्माले संवोधन गर्नुभयो साथै चनौली, पर्सा ढाप र जितपुरको कार्यक्रम प्रकाश खनालले सन्चालन गर्नु भयो र पर्सा ढापमा अशोक शर्मा र चनौलीमा र जितपुरमा विकासले बोल्ने काम भयो । कार्यक्रम स्थलमा व्यापक पर्चा वितरण गर्नुका साथै कार्यक्रम सम्पन्न भएका स्थानमा नेपालको नक्सासहितको व्यानर टाँस्ने काम भयो । चनौलीमा प्रहरीले हस्तक्षेप गर्न खोज्यो भने पर्सा ढापमा साधारण सोधपुछमात्र गरयो । २०७६माघ २१ गते इच्छाकामना गाउँपालिकाको चितवन र धादिङको सिमाना फिसलिङमा कार्यक्रम सम्पन्न भयो । सो कार्यक्रमलाई प्रकाशबाबु खनालले सन्चालन र विकासले संवोधन गर्ने काम भयो । उक्त ठाउँमा व्यापक पर्चा वितरणका साथै कार्यक्रमस्थलमा व्यानर टाँस्ने काम पनि सम्पन्न भयो । यहाँ प्रहरीले कार्यक्रम गर्न नदिन निकै जोड गरयो । हामिलाई माइकले पनि अलि दिक्कत बनायो । यसपछि मुङलिनबजारमा कार्यक्रम सम्पन्न भयो । यहाँ पनि पर्चा वितरणलगायत व्यानर टाँस्ने काम भयो । यहाँको कार्यक्रम प्रकास खनालको संचालन र अशोक शर्माले संवोधन गर्नु भयो । इच्छाकामना गाउँपालिका तामिन निवासी युवा रामप्रसाद बोहराले अभियानकर्मीलाई सुन्तला खुवाएर स्वागत गर्नु भयो । यसपछिको कार्यक्रम नारायणगढको पोखरा बसपार्कमा सम्पन्न भयो । यहाँपनि पर्चा वितरणसहित ब्यानर टाँस्ने काम भयो, जुन कार्यक्रम सुरेश गौतमको संचालन र . विकासले मन्तव्य राख्ने काम भयो । २०७६माघ २२गते कालिकानगरपालिकाको शक्तिखोर खोलेसिमल जुटपानी र पदमपुरमा कार्यक्रम सम्पन्न भयो, यहाँपनि अरु ठाउँजस्तै व्यापक पर्चा वितरण र ब्यानर टाँस्ने काम सम्पन्न भयो । चारै ठाउँको कार्यक्रम प्रकाशबाबु खनालले संचालन गर्नुभयो र शक्तिखोर खोलेसिमलमा विकासले संवोधन गर्नुका साथै जुटपानी र पदमपुरमा अशोकशर्माले संवोधन गर्नुभयो । २०७६ माघ २३गते भरमतपुर महानगरपालिकाको जगतपुर, पार्वतिपुर, गितानगर चोकबजार र बुद्धचोकमा कार्यक्रम सम्पन्न भयो । अरु ठाउँमाजस्तै यसठाउँमा पनि पर्चा वितरण र ब्यानर टाँस्ने काम सम्पन्न गरियो । यहाँका सबै ठाउँका कार्यक्रमहरूको संचालन सुरेश गौतमले गर्नुभयो । जगतपुर, गितानगर, बुद्धचोकको कार्यक्रमलाई अशोक शर्मा र पार्वतिपुर र चोकबजारको कार्यक्रमलाई विकासले संवोधन गर्नु भयो । पार्वतीपुरको कार्यक्रममा स्थानीय जनताले गडगडाहट तालिले स्वागत गरे हामिलाइ पनि देस गुमने होकि भनेर ठूलो *बाँकी ७ पेजमा*

# ८ मार्च र कम्युनिस्ट आन्दोलनमा महिला मुक्तिको प्रश्न



● लक्ष्मी चौलागाईं ●

विश्वब्यापी इतिहासमा राज्यसत्ता परिवर्तनको लागि महत्वपूर्ण आन्दोलन भएको पाइन्छ । हरेक परिवर्तनको पछाडी राज्यसत्ता दासयुग,सामन्तबादी युग र पुँजीवादी युगमा बिश्व प्रवेश गरे पनी विश्वभरी महिला मुक्तिको कुरा र महिलामाथी भएको अत्याचार र त्यसको गहिरो अध्यन अनुसन्धान र महिला मुक्ति आन्दोलनको भूमिकाको बारेमा पुँजीवादी राष्ट्रमा सकारात्मक मुल्याङकन भएको पाइदैन । ८ मार्चको बारेमा सयुक्त राष्ट्र संघमार्फत अन्तर्राष्ट्रिय मान्यता दिएपनी त्यो भन्दा पहिले समाजबादी राष्ट्र सोभियत रूसको अगुवाइमा उत्पीडित बर्ग र महिलाको बारेमा गहिरिएर अध्यन गरी सकारात्मक निर्णय लिएको पाइन्छ, जसको बिस्तृत ब्याख्या तल गर्न खोजिएको छ ।

विश्व मानव सभ्यताको लामो इतिहासलाई गहिरो र गम्भीर बनेर ऐतिहासिक भौतिकबादी कोण होस यात सम्पुर्ण धर्मशास्त्रका कोण, सबै कोण केलाएर अध्यन गर्ने हो भने मानव जातिको दुख भन्ने सब्दको नमेटिएको नाम महिला हो र त्यसबाट मुक्तिकोलागी इतिहासमा भुल्न नसकिने महिला आन्दोलन भएका छन । त्यस्तै महिला आन्दोलनको बिर्सन नहुने ऐतिहासिक दिन ८ मार्च हो र त्यो भन्दा पहिले सन १८५७ मा अमेरिकामा गार्मेन्ट मजदुर महिलाहरूले हडताल गरेको इतिहास छ, जतिबेला धेरै महिलाहरूको बलिदान भएको थियो । त्यसैको सम्झनामा सन १९१० मा डेनमार्कको कोपन हेगनमा अन्तर्राष्ट्रिय महिला सम्मेलनमा क्यालरा जेट्किन, रोजा लगायतका केही महिलाले अमेरिकाको गार्मेन्टमा महिलाहरूले हडताल गर्ने क्रममा बलिदान भएको दिनलाई अन्तर्राष्ट्रिय श्रमिक महिला दिबस मनाउने भन्ने प्रस्ताव राखेपछि ८ मार्चमा अन्तर्राष्ट्रिय श्रमिक महिला दिबस मनाउन थालिएको हो तर त्यो प्रस्ताव बिश्वब्यापी हुनसकेको थिएन जब सन १९१७ मा लेनिनको नेतृत्वमा रुसमा अक्टोबर क्रान्ति सम्पन्न भयो, त्यतिबेला देखिनै सोभियत रुसको कम्युनिस्ट पार्टीले राजकीय रूपमा नै सरकारी स्तरबाट निर्णय गरेर ८ मार्चलाइ बिधिबत रूपमा अन्तर्राष्ट्रिय श्रमिक महिला दिबस मनाउने भनेर घोषणा गरेको पाइन्छ । त्यसपछि संसारभरिका कम्युनिस्ट पार्टीले अन्तर्राष्ट्रिय श्रमिक महिला दिबस मनाउन थालेको हो । पछि बिस्तारै कम्युनिस्ट आन्दोलन र कम्युनिस्ट सत्ता कम्जोर बन्दै गएपछि कम्युनिस्ट आन्दोलनले स्थापित गरेका थुप्रै राम्रा कामहरू बुर्जुवा वर्गले नक्कल गरेर लागुगर्न थालेपछी १९७५मा संयुक्त राष्ट्र संघले निर्णयार्थ पास गरेर बिश्वब्यापी रूपमा अन्तर्राष्ट्रिय श्रमिक महिला दिबसको नाममा श्रमिक हटाएर अन्तर्राष्ट्रिय महिला दिबस मनाउन थालिएको हो । श्रमिक हटाएर पुँजिपती महिलाहरूको समेत दिबस बनाइएको हो । त्यसपछि मात्रै संसारभरी ८ मार्चलाइ अन्तर्राष्ट्रिय महिला दिबसको रूपमा मनाउन थालिएको हो ।

**महिला उत्पीडन सम्बन्धी केही कुरा**

संसारको सबभन्दा लामो कठीन दुःख के हो ? भनेर सोधेर प्रश्न गर्दा त्यसको उत्तर महिला हो भनेर भन्न सकिन्छ । बिश्व मानव सभ्यताको बिकास सँगसँगै मानव असमान बर्गको निर्माण भएसँगै महिलामाथी चरम उत्पीडन सुरु भएको हो । महिला उत्पीडनको इतिहास अध्यन गर्दा मानव समाजमा बर्गको निर्माण भएको झन्डै साडे आठ हजार बर्ष बेसि भयो भने महिला हिंसा र उत्पीडन भएको पनि साडे आठ हजार बर्ष भन्दा बेसि भएको तितो सत्य हो । नीजि सम्पत्ति र नीजि सामान सँगसँगै महिलालाई पनि नीजि साधनको रूपमा प्रयोग गरेको तथ्य हो । महिलाको निम्ति नीजि श्रीमान भन्ने रहेन । पुरुषका लागि नीजि श्रीमति बनाउने जस्ले सन्तान उत्पादन र पुरुषले भनेका सबै काम गर्नुपर्ने त्यसो गर्न नसकेपछि पुरुषबाट मारिनुपर्ने कानुनी रूपमा आयो । तथ्यले के देखाउछ भने दास युगको सुरु हुनुभन्दा पहिलेनै नीजि सम्पत्तिको सुरुसँगै महिलाहरू पहिलो दासको रूपमा परिवर्तन भएको पाइन्छ । दास युगको अन्त्य भएपनी महिला दासहरू यथावत उत्पीडित बनिरहेको इतिहास छ । सामन्तबदी युगमा सामन्तबाट भुदास किसान, उत्पीडित बर्ग, जाती, समुदाय उत्पीडनमा परयो भने उत्पीडित बर्ग जाती, समुदाय किसान मजदुर र सामन्तबर्गकै महिलाहरू सम्पुर्ण रूपमा महिला हिंसा र उत्पीडनमा परेका इतिहासमा ताजै छन । तथ्यगत रूपमा अध्यन गर्दा उत्पीडित भित्रको महा उत्पीडित मानव जाती भनेकै महिला हुन पुगेको हो ।

त्यसपछि पुँजिबाद आयो पुँजीवादी ब्यबस्थामा पनी पुँजिपती बर्गभित्रकै महिला उत्पीडित, मजदुर बर्गभित्र मजदुर महिला उत्पीडित, किसान बर्गभित्र किसान महिला उत्पीडित, यसरी सम्पुर्ण जाती समुदाय बर्ग भित्रमा सम्पूर्ण महिला उत्पीडितको इतिहास छ । साडे आठ हजार बर्ष पुरानो इतिहासमा बर्गको निर्माण सँगै दास युग, सामन्तबादी युग, पुँजीवादी युगसम्म आउँदा दास किसान, दास मजदुर बर्ग समुदाय मुक्त भए तर महिलाहरू आर्थिक, सामाजिक, संस्कृतिक धार्मिक हिसाबले संसारभरी मुक्त हुन सकिरहेका छैनन ।

**साम्राज्यवाद तथा भुमण्डलीकृत पुँजीवाद र महिला**

दासयुग,सामन्तबादी युगर औद्योगिक पँजीवादी युगमा महिलाको श्रमलाई शोषण गर्ने भन्दा भुमण्डलीकृत पुँजिबादी युग महिला हिंसामा निःकृष्ट र पासबिक तरिकाले उत्रेको छ । रूपमा हेर्दा स्वतन्त्रता जस्तो देखिएपनी सारमा महिलाहरूमाथी हुने गरेको हिंसालाई गम्भीर अध्यन गर्ने हो भने समन्तबादी युगमा समाजमा महिला बेश्याबृती तथा देह ब्यापार कम हुनेगरेको पाइन्छ । त्यतिबेला सामन्त राजा महाराजाले यौन सोसन तथा महिला उत्पीडन गर्दा गनिका कक्ष भनेर राखेको पाइन्छ । हिजोको सामन्तबादी युगका राजा महाराजाहरूले गरेको भन्दा अहिलेको पुँजीवादी युगमा महिला हिंसा नारी उत्पीडन अत्यन्तै डरलाग्दो र पासबिक तरिकाले बढेको पाइन्छ । अहिलेसम्मकै सबैभन्दा आफुहरूलाइ अत्यन्तै मानव अधिकारवादी मुलुकहरू मध्य अब्बल दर्जाका राष्ट्र भन्न रुचाउने अमेरिका नर्बे र समाज बिकास र स्वतन्त्रताको हिसाबले आफुलाइ बिकासको उच्च गतिको रूपमा अगाडी देखिन कहलाउने थाइल्यान्ड जस्ता देशहरूमा माहिलालाई बाध्यात्मक रूपमा देह ब्यापार गर्न बाध्य पारिएको पाइन्छ । त्यस्ता स्थानहरूमा बाह्य पर्यटकहरूलाई मनोरञ्जनका लागि हेर्नकालागी समेत खुल्ला गरेको पाइन्छ । निन्दनीय त के भने जबर्जस्त महिलाहरूमाथी यौनजन्य हिंसा भएको समेतलाई देखाइन्छ, जहाँ पुँजीवादी युगका आफुलाई मानव अधिकारबादी तथा मानबताबादी स्वतन्त्रताको उच्च अभ्यास गरेको दाबी गरेका छन । जहाँ लाखौलाख नारिहरूलाई पैसाको मोलमोलाई गरेर किन्ने र बेच्ने प्रचलन स्थापित गरेका छ्न । अहिले पनि महिला हिंसा सम्बन्धी बिश्वको तथ्यांक हेर्ने हो भने प्रतिदिन एक अरबको संख्यामा महिला हिंसा हुन्छ । यो हिंसालाई अध्यन गर्ने हो भने दोस्रो बिश्वयुद्द भन्दापनी चरम उत्पीडन भएको मान्न सकिन्छ । अझ यसलाइ स्पष्ट पारेर भन्ने हो भने पूँजीवादी सत्ताबादी सोचबाट उत्पादित पुँजिबादले हरेक दिन एक एक अरब महिलामाथी गरेको उत्पीडन र अत्याचारको भयानक विश्व युद्ध हो, जसलाई अहिलेसम्म कुनैपनी समाजसाश्त्रीले उल्लेख गरेको पाइदैन । बर्गको उत्पति सँगै लगातार आठ हजार बर्षदेखि अहिलेसम्म पुरुषले महिलामाथी गरेको अत्याचारको तितो इतिहास हो

**महिलामाथि उत्पीडन हुने मुलसमस्या पुँजीवादीसत्ताबाद के हो ?**

पु‘जवादको उदयसँगै महिलाहरूमा देखिएको स्वतन्त्रता र उत्पीडनको ब्याख्या हुनु जरुरी छ । दास युग तथा सामन्तबादी युगभन्दा पुँजीवादी युगमा राजनीतिक, आर्थिक र सामाजिक अधिकारहरू पुँजीवादले धेरै दिएको पाइन्छ तर महिलामाथि पुरुषहरूको उत्पीडको मुल समस्या के हो भन्ने कुरा अहिलेसम्म कम्युनिस्ट आन्दोलन तथा प्रजातान्त्रिक मुलुकमा बहस हुन सकेको छैन । कम्युनिस्ट शासन ब्यबस्था स्थापना भएका धेरै राष्ट्रहरूमा पनी महिला मुक्तिको प्रश्नको गम्भीर छलफल हुन नसकेको हो । महिला उत्पीडनको समस्या सर्बहारा वर्गकै हैसियतमा वर्गिय उत्पीडनको समस्या हो जसको मुक्तिको प्रश्न सर्बहारा वर्गको मुक्तिकै आन्दोलनसँग जोडेर लिनु जरुरी छ । महिला वर्ग होइन तर महिला उत्पीडनको समस्या सर्बहारावर्गकै स्तरको समस्या हो । अबको जनवादि क्रान्ति समाजवादी क्रान्तिमा महिला मुक्तिलाई समाजवादको स्थाइत्व र प्रतिक्रान्तिको निर्मुलिकरणमा अनिवार्य महिला मुक्तिको प्रश्न सँग जोडिएर आउँछ । जसरी नीजि सम्पत्तिको उत्पादन वर्गको उत्पादन सँगै पृतीसता र महिला उत्पीडनको सुरुवात भएको हो । त्यसैले महिलामाथी हुने सम्पुर्ण हिंसालाई वर्गियमुक्ती आन्दोलनकै अभिन्न अङ्ग हो भनेर बुझ्न जरुरी छ । महिला हिंसालाई कुनै किसान समस्या जस्तो होईन भनेर राजनीतिक पार्टी र सम्पुर्ण महिला अधिकारवादी महिला आन्दोलनकारीले बुझ्न नितान्त जरुरी छ । बैज्ञानिक समाजवादी क्रान्तिको आधारभूत शक्तिनै सर्बहारा मजदुर महिला हो र सर्बहारा वर्गकै रूपमा महिला मुक्तिको आन्दोलन उठाउन जरुरी छ ।

*महिला अधिकारलाई सिङ्गो महिला मुक्ति आन्दोलनमा महिलाहरूको उल्लेख्य सहभागिता त्याग र बिरतापुर्ण बलिदानलाई बर्तमन अबस्थामा किसानको समस्या छेत्रीए समस्याको हिसाबले हेरिनु मुलत संविधानमै विभेद छ र राजनीति पार्टहिरूमा समेत खोटपुर्ण दृष्टिकोण छ / जबसम्म समाज परिवर्तन र राज्यको कार्यकारी पदमा समेतमा पुरुषहरू बराबर महिलाको छेमता छेमता हुन्छ र छ भन्ने बैचारिक चिन्तन र दृष्टिकोणबाट राजनीतिमा बहस हुन सक्तैन तबसम्म महिला मुक्तिको प्रश्न ओझेलमा रहिरहन्छ / महिलाहरूको सहभागिता बिना बिश्वब्यापी राजनीति आन्दोलन र वर्गसंघर्षको इतिहासमा सफलता असम्भव देखिन्छ त्यसरीनै राज्यको कार्यकारी स्थानमा महिलाहरूको सहभागिता बिना राज्य ब्यबस्था अपुरो र अपांग रहन्छ भन्नेतिर अबको राजनीतिमा महिला मुक्तिको बहस हुन जरुरी छ / बर्तमन संविधानमा र अहिलेका कम्युनिस्ट नामधारी पार्टी र आफुलाइ उचित प्रजातान्त्रिक राजनीति पार्टी भन्न रूचाउने राजनीतिक दलहरूको बैचारिक दृष्टिकोण हेर्दा महिला मुक्ती भन्दा महिलाको सहभागिता र आरक्षण पृतीसत्ताबादी सोंचको घनत्वोको आकडाबाट हेर्दा महिला मुक्तिको प्रश्ननै राज्यको मुल समस्या हो भनेर नबुझ्ने देखिएको छ*

**मार्क्सवादी दृष्टिकोणमा प्रेम र स्वतन्त्रता ।**

कम्युनिस्ट आन्दोलनको लामो इतिहास अध्यन गर्दा प्रेमलाइ ब्याख्या दुई तरिकाले गरेको पाइन्छ । एउटा वर्गियता र अर्को एकनिष्ठता । यतिलेमात्र महिला स्वतन्त्रताको कुरा अपुरो हुन्छ । रुसी कम्युनिस्ट आन्दोलनमा प्रेम र स्वतन्त्रतालाई एकनिष्ठता र बर्गियताले मात्रै सर्बब्यापी बनाउन सक्तैन भन्ने केलरा जेट्किन इलेक्जेन्ड्रा कोलन्ताइले महान बहसमा ल्याउनु भएको छ । प्रेमको एउटा मात्र आकार देख्ने दृस्टिकोणले नै महिला मुक्ति आन्दोलनले स्वतन्त्रताको सफलता हासिल गर्न नसकेको तितो इतिहास छ । धेरै महिला राजनीतिक अधिकार कर्मीहरूमा प्रेम भनेको मन परेपछि महिला स्वतन्त्रताको सबथोक प्रेम पूरा भएको ब्याख्या गर्छन यो बुझाइ र ब्याख्या नै नितान्त अधिभुतवादी चिन्तन हो । प्रेम भनेको आफैले जोडी छान्न पाउनेलाई मात्रै प्रेमभित्रको स्वतन्त्रता होईन । वास्तविक रूपमा मार्क्सवादी दृस्टिकोणको वैज्ञानिक कोणमा प्रेमभनेको महिला र पुरुष समान्तामा आधारित प्रेमलाइ प्रेम भनिन्छ । मुल समस्या अहिले महिला र पुरुष समनतामा आधारित प्रेमकै समस्या हो । अबको मार्क्सवादी महिला आन्दोलनकर्मीले यो कुरालाई बुझ्न जरुरी छ । नेपाली समाजमा महिला स्वतन्त्रता र मुक्तिको प्रसङ्ग हेर्दा महिला र पुरुषको प्रेमबाट सुरु भएको सम्बन्ध वैवाहिक बन्धन पछि उत्पीडनमा रूपान्तरण भएको छ । यस्तो प्रकारको प्रेमलाइ प्रेम र स्वतन्त्रताको हिसाबले गम्भीर तरिकाले सोच्न बाध्य बनाउछ । अबका मार्क्सवादी तथा प्रजातान्त्रिक महिला राजनीति कर्मी महिलाहरूले महिला र पुरुष संमानतामा आधारित आन्दोलनको बहस चलाउन जरुरी छ ।

**नेपाली महिला मुक्ति आन्दोलन र मुक्तिको प्रश्न**

नेपाली समाजमा महिला मुक्तिको लागि नेपाली प्रजातान्त्रिक आन्दोलन देखि वर्गियमुक्ती आन्दोलन सम्मको इतिहासमा हेर्दा महिलाको उल्लेखनीय सहभागिता भएको छ । २००७ सालको राणा बिरोधि आन्दोलन, २०२८ सालको झापा बिद्रोह, २०४६ सालको जन आन्दोलन र दस बर्षको महान जनयुद्धमा महिला सहभागिताको मुल उदेश्य महिला माथी भएको उत्पीडन र अत्याचारको विरुद्धमा थियो भन्ने कुरालाई नेपाली राजनीतिमा गम्भीर समिक्षा नहुनु दुर्भाग्य हो । महिला अधिकारलाई सिङ्गो महिला मुक्ति आन्दोलनमा महिलाहरूको उल्लेख्य सहभागिता त्याग र बिरतापुर्ण बलिदानलाई बर्तमन अबस्थामा किसानको समस्या छेत्रीए समस्याको हिसाबले हेरिनु मुलत संविधानमै विभेद छ र राजनीति पार्टीहिरूमा समेत खोटपुर्ण दृष्टिकोण छ । जबसम्म समाज परिवर्तन र राज्यको कार्यकारी पदमा समेतमा पुरुषहरू बराबर महिलाको छेमता छेमता हुन्छ र छ भन्ने बैचारिक चिन्तन र दृष्टिकोणबाट राजनीतिमा बहस हुन सक्तैन तबसम्म महिला मुक्तिको प्रश्न ओझेलमा रहिरहन्छ । महिलाहरूको सहभागिता बिना बिश्वब्यापी राजनीति आन्दोलन र वर्गसंघर्षको इतिहासमा सफलता असम्भव देखिन्छ त्यसरीनै राज्यको कार्यकारी स्थानमा महिलाहरूको सहभागिता बिना राज्य ब्यबस्था अपुरो र अपांग रहन्छ भन्नेतिर अबको राजनीतिमा महिला मुक्तिको बहस हुन जरुरी छ । बर्तमन संविधानमा र अहिलेका कम्युनिस्ट नामधारी पार्टी र आफुलाइ उचित प्रजातान्त्रिक राजनीति पार्टी भन्न रुचाउने राजनीतिक दलहरूको बैचारिक दृष्टिकोण हेर्दा महिला मुक्ती भन्दा महिलाको सहभागिता र आरक्षण पृतीसत्ताबादी सोंचको घनत्वोको आकडाबाट हेर्दा महिला मुक्तिको प्रश्ननै राज्यको मुल समस्या हो भनेर नबुझ्ने देखिएको छ ।

**बुर्जुवा राजनीतिक पार्टी र महिलाहरूमा देखिएको गम्भीर कन्फ्युजन**

महिला आन्दोलनमा महिला मुक्तिको कुरासँग हरेक बहसमा महिला नेतृत्वले गरेको बहस र बुझाइमा गम्भीर अकर्मण्यता देखिन्छ । महिला मुक्तिको बिषयलाई राजनीतिक पार्टीको मुल निर्णयलाई सैनिक निर्देशनको रूपमा बुझ्ने समस्या छ । अहिले सत्तामा र प्रतिपक्षी राजनीति पार्टीको कार्यकारी पदमा बसेका महिलाहरूले छड्के किनारमा बसेका साक्षीको रूपमा भुमिका निर्वाह गरेको पाइन्छ कतिपय राजनीति दलका महिलाहरूमा आफ्नो राजनीतिक पार्टिले पृतीसत्तावादी निर्णय गरेपछि पनि त्यो सहि ठान्ने पाखण्डी पृतिसत्ताबादी सोच बुर्जुवा राजनीति पार्टीका महिलाहरूमा गम्भीर समस्या देखिन्छ । मुख्य कुरा बिश्व महिला मुक्तिको कुरा र कम्युनिस्ट आन्दोलनको भूमिकाको बारेमा सुरुमै भुमिकामा लेखिएको छ वास्तविक कम्युनिस्ट पार्टी मार्क्सवादी चिन्तन बाहेकका बुर्जुवा राजनीतिक पार्टी बुर्जुवा सरकारले महिला मुक्तिको प्रसङ्ग सब मिथ्या हो भन्ने साबित छ । यतिबेला कथित कम्युनिस्ट नामधारी राजनीति गर्ने पार्टी र तिनैको पेरिफेरिमा बनेको सरकारले महिला अधिकार मुक्ति सत्तामा महिलाको भुमिका सबैभन्दा रुढीबाद पाखण्ड पृतीसतात्मक चिन्तन अनुरूपको देख्दादेख्दै चुपचापले समर्थन र त्यसैलाई कम्युनिस्टको राजनीति कार्यदिशा कम्युनिस्टको सरकार देख्नु गम्भीर समस्या हो बास्तबिकता के हो भने अर्ध सामन्त तथा अर्ध(नव)उपनिवेशी गणतन्त्र स्थापना गरेर बैज्ञानिक समाजबादी समाजको निर्माण सँगै महिला र पुरुष समान सहभागिता सहितको राज्य ब्यबस्थाको निर्माण सँगै महिला मुक्तिको सुन्दर भबिश्य सुनिश्चित हुन्छ । धेरैजसो महिला राजनीतिक कर्मी तथा महिला अधिकारकर्मीले महिला उत्पीडनको मुल समस्या सामाजिक, आर्थिक, धार्मिक, संस्कृतिक मात्रै देखाउछन । त्योमात्रै होइन जबसम्म राज्यसत्ता संचालन लगायतका सम्पूर्ण कार्यमा पुरुष सरह महिलाको संमान सहभागिता र श्रममा महिला सरह पुरुषले संमान सहभागिता जनाउने राज्यको मुल कानुन बन्दैन त्यहाँ सम्म महिला मुक्तीको कुरा असत्य साबित हुनेछ । राज्यको स्वरूप पुर्नरूपले जनवादी तथा सर्बहारा वर्गको अधिनायकवादी राज्यसत्ता स्थापना हु‘दैन, तबसम्म महिलाको भुमिका शून्य रहनेछ । त्यसका लागि जनवादी गणतन्त्र स्थापना हुन जरुरी छ । अनिमात्र बैज्ञानिक समाजवादी क्रान्तिका लागी बलियो आधार निर्माण हुन्छ ।समाजवादी क्रान्तिमा पुरुषहरूकोभन्दा महिलाको भुमिका अत्यन्तै महत्वपूर्ण बन्छ ।

**नेपाली महिला नेतृत्वमा देखिएको वास्तविक समस्या के हुन ?**

नेपाली महिला मुक्ति आन्दोलनमा महिलाहरूले जसरी मुक्तिको लागी बलिदानी पुर्बक संघर्स गरेर सत्ता र शक्तिमा पुग्दछन त्यसपछि भुमिकाहिन आकडामा सिमित भएको देखिन्छ । महिला अधिकार र मुक्तिका लागी सत्तामा , सरकारमा पुग्छन । आफुले रुचाउने राजनीति सिद्धान्त राजनीति पार्टीको बफादार सिपाहीको मात्रै भूमिकाको जिम्मेवारीमा सिमित रहन्छन । श्रीमानले महिला अधिकार यहीं हो यहाँ देखी अगाडी जानेबाटोपनी यहीं हो भनेपछि महिला नेताकार्यकर्ता त्यसैमा सिमित रहन्छन । यो नै महिलाभित्र उत्पन्न पृतीसत्तावादी अकर्मण्यता गम्भीर समस्या हो । पुरुषले लेख्देको प्रतिबेदन महिलाको अधिबेशन र संघसंगठनका कार्यक्रममा रटाउने समाजवाद महिलाको मुक्तिको नचाहिने सपनाहरू अलाप्नु रहस्यमय समस्या बनेको छ । श्रीमान तथा आफ्नो राजनीति नेतृत्वसंग कार्यकारी पदको बार्गेनिङ गरेर महिला अधिकार तथा मुक्तिको आन्दोलनको मुद्दाहरूको बेवास्ता गर्ने जस्ता समस्या देखा परेका छन् । अबको महिला मुक्ति आन्दोलन जनवादी गणतन्त्रको स्थापना गर्नको लागी जनबादी क्रान्तिको बाटोमा लाग्न अनिवार्य र जरुरी दुवै भएकोछ । जनवादी क्रान्ति सप्पन्न गरेर मात्र बैज्ञानिक समाजवादी क्रान्तिका लागि सिङ्गो समाज तयार हुन्छ । बैज्ञानिक समाजवादी क्रान्तिमा मात्रै पुरुष सरह महिलाको संमान सहभागिता बढेर जान्छ भन्ने कुरामा अबको महिला अगुवा तथा अधिकार कर्मीले बुझ्न जरुरी छ ।

*(लेखिका देशभक्त जनगणतान्त्रिक मोर्चा नेपालको केन्द्रीय सदस्य हुनुहुन्छ ।)*

# कोरोना भाइरसबाट संक्रमितको संख्या एक लाख नाघ्यो, इरानमा सांसदको मृत्यु

न्यूज एजेन्सी । विश्वमा कोविड १९ (कोरोना भाइरस) संक्रमितको संख्या एक लाख नाघेको जनाइएको छ । अमेरिकाको जोन हप्किन्स विश्वविद्यालयले शनिबार प्रकाशन गरेको तथ्यांकअनुसार यस भाइरसको प्रकोपबाट संक्रमित हुने व्यक्तिको संख्या १ लाख ११३ पुगेको छ ।

उक्त विश्वविद्यालयको तथ्यांकअनुसार यो प्रकोपबाट संक्रमितहरूमध्ये अधिकांश चीनमा रहेका छन् । चीनमा मात्र यसका संक्रमित करिब ८० हजारजना रहेको उक्त विश्वविद्यालयले प्रकाशन गरेको पछिल्लो तथ्यांकमा उल्लेख गरिएको छ ।

विश्वभर हाल कोरोना संक्रमित १ लाखभन्दा बढी पुगेको समाचार विभिन्न सञ्चारमाध्यमले दिएका छन् । गत डिसेम्बरको अन्त्यबाट चीनको हुवई प्रान्तको वुहान शहरबाट शुरु भएको यो भाइरस संक्रमणबाट चीनमा मात्र तीन हजारभन्दा बढीको मृत्यु भएको छ। अधिकारीहरूले विभिन्न देशबाट जारी गरेका सूचनाको अध्ययनमा यस भाइरसको संक्रमणबाट ज्यान जानेको संख्या शनिबारसम्म ३ हजार ५ सय नाघेको छ । यस भाइरसको संक्रमण ९२ वटा देशमा फैलिएको छ ।

कोरोनाकै कारण दक्षिण कोरियामा हालसम्म ४४ जनाको मृत्यु भइसकेको छ । त्यसैगरी ५ हजार ७६७ जनामा कोरोना संक्रमण देखिएको शनिबार जनाइएको छ । कोरोना भाइरसबाट इटालीमा १९७ जनाको ज्यान गएको शनिबार जनाइएको छ । त्यहाँ बिहीबार र शुक्रबार गरी करिब ९० जनाको मृत्यु भएपछि मृतकको संख्या बढेर १९७ पुगेको छ । त्यसैगरी गरी इटालीमा ३ हजार ९१६ जनामा यस रोगको संक्रमण भएको पाइएको छ।



इटालीका विभिन्न २२ वटा शहरमा यसको प्रकोप देखिएको छ । इटालीले देशैभरिका विद्यालय र विश्वविद्यालय बन्द गराएको छ। सरकारले यो भाइरसको नियन्त्रणका विभिन्न कार्यक्रम घोषणा गरी कार्यान्वयन गराएको छ।

अमेरिकाको फ्लोरिडामा यस प्राणघातक कोविड १९ का कारण दुई व्यक्तिको मृत्यु भएपछि यहाँ पनि यस भाइरसबाट शिकार हुनेको संख्या १६ पुगेको बताइएको छ। अमेरिकामा २ सयसय भन्दा बढी व्यक्तिमा यस भाइरसको संक्रमण देखिएको छ।

यस भाइरसको प्रकोपबाट स्पेनमा पनि पाँचजनाको ज्यान गएको छ । स्पेनका स्वास्थ्य अधिकारीले यस भाइरसबाट संक्रमित हुने व्यक्तिको संख्या ३६५ पुगेको छ । यहाँ पनि दैनिक यसका संक्रमितहरूको संख्या बढ्दै गएको छ । स्पेनको माद्रिद शहरमा यसका संक्रमित भेटिएका छन्। माद्रिदमा शुक्रबारसम्म १३७ वटा यस भाइरसका संक्रमित उपचारमा रहेका छन्। उक्त सहरमा गएराति सम्म २४ घन्टाभित्रै दुई जनाको ज्यान गएको छ । ती दुईजनामध्ये एकजना ९९ वर्षीया महिला र अर्का ७६ वर्षका पुरुष रहेका छन् ।

भाइरसको संक्रमण नेदरल्यान्ड्समा पनि देखिएको छ । नेदरल्यान्ड्समा यसको प्रकोपबाट एकजना वृद्धको ज्यान गएको त्यहाँका स्वास्थ्य अधिकारीले जानकारी दिएका छन्। उनीहरूका अनुसार शुक्रबार मात्र नेदरल्यान्ड्समा यो भाइरसबाट ८६ वर्षीयको ज्यान गएको छ। रोटेड्यामस्थित इकाजेआ अस्पतालमा उपचार गराइरहेका उनको शुक्रबार मृत्यु भएको अधिकारीले जानकारी दिएका छन्। नेदरल्यान्ड्समा यो भाइरसको प्रकोपबाट ज्यान जानेमा उनी नै पहिलो व्यक्ति भएको अधिकारीले जानकारी दिएका छन् । शुक्रबार मात्र यहाँ ८२ जना कोरोना भइरसका संक्रमित रहेकोमा शनिबार १२८ पुगेको छ ।

यसैबीच इरानमा यसको प्रकोपबाट एक सांसदसहित मृत्यु हुनेको संख्या १२४ पुगेको छ । शनिबार स्थानीय टेलिभिजनले जनाए अनुसार सांसद फतेमेह रहबरको मृत्यु भएको हो । ५५ वर्षीया रहबर कोरोना संक्रमित थिइन् । कन्जरभेटिभ तर्फको सांसद रहबर तेहरानबाट निर्वाचित थिइन् । यससँगै उनी कोरोनाबाट मृत्यु हुने दोस्रो इरानी सांसद हुन् । इरानमा सांसद लगायत आठजना उच्चस्तरीय व्यक्तित्व संक्रमित थिए । इरानमा कोरोना भाइरसको महामारीका कारण विश्वविद्यालय र स्कुल बन्द गरिएका छन् । इरानी सरकारले शनिबार १८ जनाको ज्यान गएको घोषणा गरेको हो । योसँगै यस भाइरसबाट मृत्यु हुनेको संख्या १२५ पुगेको हो । इरानको स्वास्थ्य मन्त्रालयका प्रवक्ताले यो संक्रमणबाट शनिबार साँझसम्म ४ हजार ७४५ जना संक्रमित रहेका छन् ।

यहाँको स्वास्थ्य मन्त्रालयले दिएको जानकारीअनुसार केही दिनमात्र यता यहाँ १ हजार २३४ जना नयाँ संक्रमित थपिएका छन् । नयाँ संक्रमितहरू ठूलो संख्यामा थपिँदै गएकोले अवस्था बडो चिन्ताजनक रहेको बताइएको छ ।

## यस्तो...

एउटा कालखण्ड यस्तो पनि थियो कि त्यो बेला समाजमा मातृ सत्ता थियो । श्रमविभाजन र निजि सम्पत्तिको थालनी सँगै क्रमशः मातृसत्ताको पितृ सत्ताले लियो । पितृ सत्ताले महिला जैविक हिसाबले कम्जोर हुने भनि व्याख्या गर्न थाल्यो । यसका साथै महिलाहरू बौद्धिक हिसाबले पनि कमजोर हुन्छन् भनि दोस्रो तहमा राख्नु पर्ने भनि व्याख्या गरियो । त्यस पछि राजनीतिबाट बञ्चित गरिदै लगियो, आर्थिक गतिविधिमा होइन, घरेलु र अनुउत्पादक ठाउँमा सिमित गरिदै लगियो । र मताधिकारबाट समेत बञ्चित गरियो ।

यसै क्रममा मताधिकारको माग गर्दै महिलाहरूले संगठित रूपमा आन्दोलनको शुरुवात गरे । सन १९०८ तत्कालिन रुसमा गास, वास र कपासको नारा थपेर अरु आन्दोलनको उठान भयो । त्यसरी नै अन्तराष्ट्रिय महिला आन्दोलनको रूप ठूलो बन्दै गयो । अन्ततः सन १९११ मा क्लारा जोट्किन रोजालम्जमवर्ग अगुवाइमा कोपेनहेगनमा भएको दोस्रो अन्तराष्ट्रिय श्रमिक महिला दिवस मनाउने निर्णय गऱ्यो । सो सम्मेलनमा १७ देशका १०० भन्दा बढि महिलाहरू सहभागी रहेका थिए ।

नेपालमा सन १९७.५ देखि अन्तराष्ट्रिय महिला दिवस मनाउदै आएको इतिहास छ ।

यसरी आज अन्तर्राष्ट्रिय श्रमिक महिला आन्दोलनले ८ मार्चलाई आफ्नो स्थापना दिवस मनाउने सन्दर्भमा १०९ वर्ष पुरा गरि ११० औं वर्षमा प्रवेश गरेको अवसरमा नेपाल लगायत विश्वभरका श्रमजीवि तथा उत्पीडित महिलाहरूले सन् २०२० मार्च ८ लाई ११० औं अन्तर्राष्ट्रिय श्रमिक महिला दिवसका रूपमा भव्यताका साथ मनाउँदै छन् र थप अधिकार प्राप्तिका लागि निरन्तर रूपमा संघर्षरत रहने प्रतिबद्धताको उद्घोष गर्दै छन् ।

संसारको सम्पूर्ण जनसंख्याको आधा हिस्सा महिलाहरूले ओगटेका छन् । महिलाहरूको सहभागिता विना पुरुषहरूबाट मात्र मानव समाजको विकास संभव छैन । इतिहासदेखि आजसम्म मानव समाजको उथल पुथल, विकास, उन्नति र अबोन्नतिमा समेत महिलाहरूको ठूलो भूमिका रहदै आएको छ । अतः मानव समाजको विकासको क्रममा पुरुष सरह महिलाहरूको पनि उत्तिकै दायित्व निर्वाह हुदै आएको इतिहास छ ।

सन् १८७१ मा पेरिस कम्युनको स्थापनामा हजारौ महिलाहरू सहभागि बनेका थिए र पेरिस कम्युनको स्थापनाको ७२ दिनै मै प्रति क्रान्ति भएर पतन हुने क्रममा पनि प्रतिक्रियावादीका सेनाहरूबाट हजारौ महिलाहरूले पुरुषसँगै हत्या गरिएका थिए र वीरताको गौरवपूर्ण गाथा निर्माण गरेका थिए ।

यस्तै सन् १९१७ अक्टुवर २५ मा सम्पन्न महान् रुसी अक्टुबर समाजवादी क्रान्तिमा रुसका श्रमिक महिलाहरूले अतुलनीय योगदान पुऱ्याएर क्रान्तिकारी तथा संघर्षशील महिलाहरूको इतिहासमा वीरताको गौरव गाथा बुन्न अग्रपंक्तिमा खडा हुन पुगेर संसारभरका श्रमजीवि महिला र आम शोषित, पीडित तथा उत्पीडित जनसमुदायलाई प्रेरणा प्रदान गरेका थिए ।

महान् चीनीया नयाँ जनवादी क्रान्ति तथा जापान विरोधी प्रतिरोध युद्धमा चीनीया श्रमिक तथा क्रान्तिकारी महिलाहरूले अतुलनीय योगदान पुऱ्याएका थिए । र बलिदानको अनुपम गौरवगाथा कोर्न अग्रपंक्तिमा खडा हुन पुगेका थिए । हजारौ चीनीया महिलाहरू लालसेनामा भर्ति भएर वीरतापूर्ण संघर्षमा सरिक भएका थिए ।

कमरेड माओत्सेतुङको जीवन संगिनी समेत रहेकी याङकाई दुइलाई सन् १९३० मा च्याङकाई सेकको प्रतिक्रियावादी सरकारका सेनाले राजधानी बेइजिङमा जेलबाट बाहिर निकालेर गोली ठोकेर पाशविक ढंगले हत्या गरेका थिए । चीनीया महान वीरगांना याङकाई दुईले विश्वकै क्रान्तिकारी महिलाहरूको इतिहासमा आफूलाई पहिलो नम्बरमा उत्पादन सफल हुनु भएको थियो ।

महान् चिनीया सर्वहारा साँस्कृतिक क्रान्तिका क्रममा क्रान्तिकारी चिनीया महिलाहरूले चिनीया समाजको रूपान्तरणमा महत्वपूर्ण योगदान पुऱ्याएका थिए । महान् चिनीया सर्वहारा साँस्कृतिक क्रान्तिकै एक योद्धा कमरेड माओकी जीवनसंगीनी च्याङचिङलाई माओको सन् १९७६ मा निधन पश्चात प्रतिक्रान्तिकारी देङमण्डली गुटले ग्याङफोरको सदस्य भएका कारण गिरफ्तार गरेर आजीवन कारावासको सजाय दिइएको थियो । र पछि षडयन्त्रपूर्ण ढंगले उहाँलाई जेलमै आत्महत्या गरेर षडयन्त्रको तानावाना बुनेर रहस्यमयी ढंगले हत्या गरियो ।

उत्तर कोरियाको जनमुक्ति युद्ध तथा विश्वविख्यात कोरियन युद्धमा पनि कोरियन महिला वीर वीरंगानाहरूले योगदान र बलिदानको अनुपम उदाहरण प्रस्तुत गरेका थिए ।

यस्तै भियतनामी युद्ध र तथा अमेरिकी साम्राज्यवाद विरोधी राष्ट्रिय प्रतिरोध युद्धमा वीर भियतनामी महिला योद्धा तथा वीरंगानाहरूले संसारमै वीरता र बहादुरीको गौरव गाथा निर्माण गर्दै अमेरिकी साम्राज्यवादलाई कहिल्यै पनि भियतनामतिर फर्केर हेर्न नसक्ने बनाएर खरानीमा परिणत तुल्याएर धापाएर भियत नामलाई मुक्त तुल्याएका थिए ।

त्यस्तै कम्बोडिया, क्युवा लगायतका देशहरूमा संचालन गरिएका मुक्ति युद्धहरूमा त्यहाँका क्रान्तिकारी तथा श्रमिक महिलाहरूले पुरुष सरह अतुल्नीय योगदान र बलिदान गरेका थिए ।

हाम्रो देश नेपालमा समेत महान् दश वर्षे जनयुद्धको क्रममा हजारौ नेपाली महिलाहरू युद्धमा लामबद्ध मात्र नभएर जनमुक्ति सेनामा समेत सामेल भएर महत्वपूर्ण योगदान पुऱ्याएकार थिए र हजारौं नेपाली महिलाहरूले त्यस जनयुद्धको क्रममा साहदात प्राप्त गरेर नौलो संसार सृजना गर्ने महान यात्रामा आफ्नो गौरवपूर्ण वीरताको इतिहास निर्माण गर्न अग्रपंक्तिमा उभिएका थिए भने अन्य सामाजिक तथा राजनीतिक परिवर्तनहरूमा समेत नेपाल वीर वीरगानाहरूले नयाँ इतिहास निर्माण गर्न सफल भएका छन् ।

त्यस्तै पेरुको जनमुक्ति आन्दोलनमा अर्थात पेरु भियाली जनयुद्धमा पनि हजारौं महिलाहरूले अतुलनीय योगदान र बलिदान पुऱ्याएको इतिहास विश्वजनताका सामु ताजै छ ।

आजको युग साम्राज्यवाद तथा सर्वहारावर्ग बीचको भीषण संघर्षको युग हो । अर्थात विश्वसर्वहारा क्रान्तिको युग हो ।

नेपाल लगायत विश्वका कैयौं देशहरू आजसम्म पनि अर्धसामन्ती र नवऔपनिवेशिक अवस्थामा रहेका छन् । यी देशहरूमा सर्वहारा वर्गले नयाँ जनवादी क्रान्तिको कार्यभार पुरा गरेर वैज्ञानिक समाजवाद हुदै साम्यवादसम्म पुग्ने दायित्व पुरा गर्नु पर्ने छ भने कतिपय पूँजीवादी तथा साम्राज्यवादी समाजव्यवस्थामा विकास गरि सकेका देशहरूले वैज्ञानिक समाजवाद हुदै साम्यवादसम्म पुग्ने लक्ष्य राखेर अगाडि बढ्ने काम बाँकी नै छ । विश्वमानव समाज त्यहाँ नपुगुन्जेलसम्म फेरी पनि विश्वका लाखौं करोडौं श्रमिक तथा उत्पीडित महिलाहरूले पुरुष सरह वर्गयुद्धमा लामबद्ध भएर अरु योगदान र बलिदान गर्नु पर्ने छ नै ।

वर्ग रहेसम्म वर्गीयि समाजमा वर्गविभेद कायमै रहने कुरा निश्चित छ । यस प्रकारको वर्गविभेद र वर्गीयि शोषण उत्पीडनलाई अन्त्य गरेर मानव-मानवबीच शोषणको अन्त्य गर्नको लागि वर्गयुद्धको विकल्प छैन ।

महिलाहरूमा अझै पनि एकातिर वर्गविभेद र अर्कोतिर पुरुषबाट समेत विभेद गरिने प्रचलन र संस्कार कायमै छ । महिलाहरू माथि हुने यो दोहोरो शोषणको अन्त्य पनि विश्वक्रान्तिले मात्र गर्ने भएकाले महिलाहरूको फेरी पनि वर्गयुद्धमा योगदान र बलिदान हुनु अनिवार्य छ ।

अतः वर्गीयि विभेद र वर्गीयि विभेदहरूलाई सदाको लागि अन्त्य गर्नका निम्ति श्रमि तथा क्रान्तिकारी महिलाहरू वर्गयुद्धमा लामबद्ध हुनुको विकल्प छैन । ११० औं अन्तराष्ट्रिय श्रमिक महिला दिवस भव्यताका साथ मनाउनुको सार्थकता पनि यसैमा निर्भर छ । अन्त्यमा वर्गीयि तथा महिला मुक्ति जिन्दावाद ।

अन्तर्राष्ट्रिय श्रमि महिला आन्दोलन समाजवादी आन्दोलन तथा महिला मुक्ति आन्दोलनमा क्ला जेनी मार्क्स, नादिज्जा ऋुश्काय, याङकाई हुई, क्लोरा जेट्किन, रोजा लग्लम्बर्ग, अलेकजान्ड्रा कोलोन्ताई, नाताशा, मार्क्सको कान्छी छोरी इलेनर मार्क्स आदिको संघर्षको गौरवगाथाबाट पाठ सिक्न जरुरी छ ।

साथै नेपालमा पनि दश वर्षे जनयुद्धको प्रक्रिया र अनेक जनआन्दोलन र जनसंघर्षका क्रममा सयौँ नेपाली श्रमिक महिला वीर-वीरगंगनाहरूको वीरताको गौरवशाली गाथा निर्माण गरेको इतिहास छ ।

## अखिल क्रान्तिकारीले...

(क्रान्तिकारी)को उच्च तहबाट बलिदान गर्नुहुने उहाँको सम्झनामा शनीवार अखिल क्रान्तिकारीले केन्द्रीय कार्यलय बागबजारमा श्रद्धाञ्जली कार्यक्रमको आयोजना गरिएको छ ।

सहिद बेनोज अधिकारीको योगदानको बारे चर्चा गर्दै अखिल क्रान्तिकारीका महासचिव पेशल दाहालले सहिद बेनोजलाई कहिल्यै भुल्न नसक्ने र उहाँले देखाएको बाटोमा निरन्तर लाग्ने बताए । श्रद्धाञ्जलीकार्यक्रमको संचालन केन्द्रीय सचिव सुर्य कार्कीले गरेका थिए ।

२०३० साउन २० गते तनहुँमा जन्मेका बेनोज अधिकारी काठमाडौंमा बिबिएस पढ्न मिनभबन क्याम्पस प्रवेस गरेसँगै सक्रिय राजनीति शुरु गरेका अधिकारी काठमाडौ जिल्ला सचिव, काठमाडौ जिल्ला अध्यक्ष, २०५४ मा केन्द्रीय सदस्य, २०५६ को १४ औं रास्ट्रिय सम्मेलनबाट सचिव हुँदै २०५८ को १५ औं रास्ट्रिय सम्मेलनबाट उपाध्यक्ष निर्वाचित हुनुभएको थियो ।

## नेपालमा...

त्यसैगरी सत्तारुढ डबल नेकपा, नेपाली काँग्रेस लगायतले पनि कोरोना भाइरसकै कारण सङ्गठन विस्तारदेखि विभिन्न कार्यक्रमहरू स्थगित गरेका छन् ।

सत्तारुढ दल नेपाल कम्युनिस्ट पार्टी (नेकपा) ले पार्टीको पुर्वनिर्धारित पार्टी एकता सुदृढीकरण तथा जनसम्बन्ध विस्तार अभियानको कार्यतालिका परिमार्जन गरेको छ ।

पार्टी महासचिव विष्णु पौडेलले फागुन २१ गते बुधबार एक ‘सर्कुलर’ जारी गर्दै अभियान परिमार्जन भएको र त्यसलाई कार्यान्वयन गर्न पार्टी पङ्क्तिलाई निर्देशन दिएका हुन् ।

नेकपाको परिमार्जित कार्यक्रमअनुसार नोबेल कोरोना भाइरस सम्बन्धमा जागरणमा जोड दिइएको छ । सर्कुलरमा पार्टी जिल्ला कमिटीले कोरोना भाइरस र त्यसबाट जोगिने उपायका सम्बन्धमा जानकारीमूलक पर्चा तयार गर्ने र आफ्नो जिल्लाका प्रत्येक घर तथा प्रत्येक व्यक्तिसमक्ष पुर्याउने उल्लेख छ ।

प्रमुख प्रतिपक्ष दल नेपाली काँग्रेसले कोरोना सन्त्रास बढेसँगै फागुन २१ गते पार्टी कार्यालयमा पत्रकार सम्मेलन नै गरेर विश्वव्यापी रूपमा फैलिइरहेको प्राणघातक कोरोना भाइरस (कोबिड १९) बारे ‘सरकार र समुदायका नाममा नेपाली काँग्रेसको १४ बुँदे अपिल’ जारी गरेको छ ।

काँग्रेसले सरकारी लापरबाही र ढिलासुस्तीका कारण कोरोनाको सङ्क्रमण भित्रिन या फैलिन सक्ने खतरा कायमै रहेको भन्दै सरकारलाई खबरदारीसमेत गरिरहेको जनाएको छ ।

कोरोना सङ्क्रमणका बारेमा ‘सहरदेखि गाउँसम्म र गाउँको टोल हुँदै घरघरसम्म’ सतर्कता र चेतनाको अभियान पार्टी र आबद्ध संस्थामार्फत विविध ढङ्गले अघि बढाउने काममा खटिने काँग्रेस प्रवक्ता विश्वप्रकाश शर्माले जानकारी दिएका छन् ।

दर्जनौं विकासका आयोजनाहरू ठप्प

हालसम्म प्रदेश २ र सुदूरपश्चिमबाहेक सबै प्रदेशका दर्जनभन्दा बढी सरकारी र निजी लगानीका ठूला तथा साना विकास-निर्माण आयोजनाका काममा कोरोनाको प्रत्यक्ष प्रभाव परिसकेको छ। अप्रत्यक्ष प्रभावको लेखाजोखा छैन ।

चीनबाट आयात हुने उपकरण कोरोनाका कारण रोकिएको र नयाँ वर्ष मनाउन स्वदेश गएका चिनियाँ ठेकेदार, इन्जिनियर र कामदार उतै अड्किएकाले आयोजनाहरू प्रभावित भएको बताइएको छ । नेपालमा काम गर्न तीन वर्षयता श्रम स्वीकृति लिएका विदेशी कामदारमध्ये सबैभन्दा बढी (६० प्रतिशत) चिनियाँ छन् ।

स्वीकृति लिएका चिनियाँ कामदारको संख्या ३ हजार ५ सय ८७ छ। तीमध्ये धेरैजसो कोरोना भाइरस फैलिनुपूर्व चिनियाँ वसन्त चाड (नयाँ वर्ष) मनाउन घर गएकामा उतै रोकिएका छन् । यसबाट चिनियाँ श्रमिक वा लगानीकर्ता प्रत्यक्ष संलग्न नभएका आयोजनामा समेत असर परेको छ। फलस्वरूप आयोजनाको अवधि लम्बिने मात्रै हैन, सरकारी बजेट निकै कम खर्च भइरहेको बेला पुँजीगत खर्च झन् कम हुने सम्भावना छ ।

चिनियाँ राष्ट्रपति सी चिनफिङको भ्रमणका क्रममा तय गरिएको परियोजनाको अध्ययन तथा थप प्रक्रिया अघि बढाउने विषयसमेत कोरोनाका कारण रोकिएको छ । ९८ प्रतिशत सुरुङ हुने ७२ किलोमिटरको केरुङ-काठमाडौं रेलमार्गको सम्भाव्यता अध्ययन प्रक्रिया अवरुद्ध भएको छ। मंसिरमा नेपाल-चीनका अधिकारीहरूबीच बढीमा साढे दुई वर्षभित्र यो काम सक्ने समझदारी बनेको थियो ।

चक्रपथ विस्तार (दोस्रो चरण) को विस्तृत सम्भाव्यता अध्ययन (डीपीआर) गर्न चिनियाँ टोली फागुनमा नेपाल आउने तय भएको थियो। कोरोनाले उनीहरू आउन नसक्दा अध्ययनको काम अन्योलमा परेको छ ।

काठमाडौंको टोखादेखि नुवाकोटको छहरे जोड्ने सुरुङमार्गको प्रारम्भिक अध्ययन गरेर ९ जनाको चिनियाँ टोली माघमा चीनतिर लागेको थियो । काठमाडौं मेट्रो रेल आयोजनाका पाँच खण्डमध्ये एक खण्डको अध्ययन चिनियाँ टोलीले फागुन दोस्रो साताबाट सुरु गर्ने तय भएको थियो ।

कोरोना भाइरसको प्रभाव निर्माण सम्पन्न हुने अवस्थामा पुगेका राष्ट्रिय गौरवका आयोजनामा पनि परेको छ। प्राविधिक, कामदार र उपकरण नआउँदा गौतम बुद्ध क्षेत्रीय र अन्तर्राष्ट्रिय विमानस्थलको प्रगतिको गति घटेको छ। चिनियाँ कम्पनी नर्थवेस्ट सिभिल एभिएसनले ठेक्का लिएको विमानस्थलमा कार्यरत प्राविधिकसहितको टोली नयाँ वर्ष मनाउन गएपछि फर्किएको छैन । टर्मिनल भवनको उपकरण ‘कन्ब्यारो बेल्ट’ र धावन मार्गको रनवे लाइट चीनबाट ल्याउने तयारी भइरहेको थियो तर आयात रोकिएपछि अन्तिम समयमा ती काम रोकिएको छ। विमानस्थलको काम १३ प्रतिशत बाँकी छ भने निर्माण सम्पन्न अवधि सकिन एक महिना मात्र बाँकी छ ।

चिनियाँ कामदार नफर्कंदा पोखरा अन्तर्राष्ट्रिय विमानस्थल निर्माणमा असर देखिन थालेको छ। मुख्य सडकबाट विमानस्थलसम्म पुग्ने सडक माघ तेस्रो साताबाट ढलान गर्ने भनिए पनि काम अघि बढेको छैन । आयोजना प्रमुख विनेश मुनकर्मीका अनुसार नयाँ वर्ष मनाउन गएका ८७ जना कामदार चीनबाट आउनुपर्ने हो। ३६ जना फर्किसकेका छन् । वमानस्थलमा २५० भन्दा बढी चिनियाँ कामदार कार्यरत छन् ।

त्यसैगरी चीन सरकारको सहयोगमा निर्माणाधीन स्याफ्रुबेंसी-रसुवागढी खण्डको १७ किलोमिटर सडक निर्माण झन्डै तीन महिनादेखि ठप्प छ । नयाँ वर्ष मनाउन बेलैमा चिनियाँ कामदार उता गएको र नफर्किएपछि दुई लेनको उक्त खण्डको काम रोकिएको हो। आयोजना प्रमुखका अनुसार निर्माणमा एक सय चिनियाँले काम गरिरहेका थिए। ७० चिनियाँ कामदार नयाँ वर्ष मनाउन गएपछि फर्किएका छैनन्। कोरोना भाइरस फैलिएलगत्तै चीनले रसुवागढी नाका बन्द गरेपछि सडक निर्माणमा प्रयोग हुने हाइड्रो मेकानिकल सामान केरुङमै अड्किएका छन् ।

बुटवल-नारायणगढ सडक विस्तारको काम पनि प्रभावित भएको छ। चिनियाँ निर्माण कम्पनी चाइना स्टेट इन्जिनियरिङ कन्स्ट्रक्सन कर्पोरेसनले काम गरिरहेका १ सय १३ किलोमिटर सडक विस्तारमा चिनियाँ प्राविधिक नआउँदा काम प्रभावित भएको हो। लगानी बोर्ड नेपालका प्रवक्ता बलराम रिज्यालका अनुसार कोरोनाले गर्दा धादिङको ह्वासिङ नारायणी सिमेन्ट उद्योग निर्माण ठप्प छ। जनवरीदेखि कामले गति लिन सकेको छैन ।

चीन सरकारले पुनर्निर्माण गर्ने भनिएको नुवाकोटको सातलले दरबार र वरिपरिका सम्पदा पुनर्निर्माणमा पनि कोरोनाको प्रभाव परेको छ। फागुन पहिलो साताबाट पुनर्निर्माण सुरु गर्ने भनिए पनि चिनियाँ पक्षका प्राविधिक र कामदार आउन नसक्दा काम अघि बढ्न सकेको छैन ।

कोरोना भाइरसका कारण सुनकोसी-मरिन डाइभर्सन बहुद्देश्यीय आयोजना प्रभावित बनेको छ। आयोजना निर्माणका लागि मुख्य लगानीकर्तामा चीनलाई राखिएको थियो । आयोजना प्रमुख सुशीलचन्द्र आचार्यका अनुसार लगानीको वातावरण तयार गर्नका लागि अर्थ मन्त्रालय र आयोजनाको टोली चीन जाने कार्यक्रम तय गरिएको थियो ।

ललितपुरको गोदावरीमा तीन हजार क्षमताको सिटी हल निर्माणको काम कोरोनाले गर्दा प्रभावित बनेको छ । ५२ दिनसम्म रूख काट्न नपाएर निर्माण रोकिइरहेकामा सिटी हलका लागि आवश्यक सामान चीनबाट नआउँदा निर्माण थप प्रभावित बनेको छ। हललाई चाहिने कार्पेट, फल सिलिङ चीनबाट आउन सकेको छैन ।

त्यस्तै कोरियाबाट आउनुपर्ने एचबी एसीको सामान पनि आउन नसकेको निर्माण ठेक्का लिएको केसी समानान्तर जेभीले जनाएको छ । पाँच महिनाभित्र निर्माण सक्नुपर्ने भनिए पनि सामान नआएपछि ढिलाइ हुने भएको हो । राष्ट्रिय-अन्तर्राष्ट्रिय सम्मेलन गर्न मिल्ने गरी १ सय १८ रोपनीमा निर्माणाधीन हलको लागत ७२ करोड रूपैयाँ छ ।

त्यसैगरी क्रान्तिकारी माओवादीसहितको १० दलीय मोर्चाले पनि सम्पूर्ण विरोधका कार्यक्रम स्थगित गरेको छ ।

वर्गदृष्टि Bargadristi Weekly साप्ताहिक

# नेपाली समाजको वर्तमान अवस्था र सांस्कृतिक रूपान्तरणको प्रश्न



● आहुति ●

> **अबको क्रान्तिको रणनीति समाजवादी क्रान्ति पहिला गर्ने र अनि मात्र समाजवाद निर्माण गर्ने भन्ने हुदैन । भूमण्डलीकृत पुँजीवादभित्रै वैज्ञानिक समाजवाद शुरू भैसकेको हुनाले त्यो शुरू भएको वैज्ञानिक समाजवादलाई बनाउदै बनाउदै अन्तिममा वैज्ञानिक समाजवादी क्रान्ति पूरा गर्ने हुन्छ**

यस विषयलाई उठान गर्दा नेपाली समाज कहाँ आइपुगेको छ र विश्व समाज व्यवस्था कहाँ छ भन्नेसँग सम्बन्ध हुँदोरहेछ। मार्क्सवादी आन्दोलनमा लामो समयदेखि एउटा मान्यता रहिआएको छ त्यो के हो भने आदिम साम्यवाद, दासयुग, सामन्तवादी युग, पुँजीवादी युग र समाजवाद क्रमबद्ध रूपमा भन्ने रहेको छ । तर मार्क्सवादले सबै युग सबै ठाँउमा अनिवार्य छन् भनेर भनेको छैन । सिंगो पृथ्वीमा उत्पादन शक्तिहरूको विकाससँग-सँगैयी युगहरू स्वाभाविक र क्रमबद्ध रूपमा अगाडि आउँछन् भनेर प्रतिस्पर्धात्मक पुँजीवादसम्मको कुरा गरेको हो तर सबै युग सबै ठाउँमा अनिवार्य रूपमा आउँनै पर्ने भन्ने विश्लेषण मार्क्सवादी होइन । जस्तो कि नेपालमा कहिल्यै पनि दास युग आएन । चन्द्र शमशेरले दास मुक्त गर्दाखेरि पनि चौबीस सय दासहरू त थिए नै । दुई जनाले आफैले पैसा तिरे भने अरूले पशुपतिको भेटी झिकेर तिरी दिइएको हो । त्यसलाई कमारा-कमारी भनिन्थ्यो । तर मुख्य उत्पादक शक्तिका रूपमा ती दासहरू थिएनन् । तिनीहरू घरेलु र खेतीपातीमा सहयोगी थिए । कोइरेनी लागेर टाट पल्टेर दासत्व स्वीकार गरेका थिए । हामीले जुन युरोपमा स्पार्टाकसहरूको कुरा गर्छौं त्यो जस्तो मुख्य उत्पादक शक्ति नै दास, समाजमा मुख्य उत्पादन गर्ने नै दास खालको प्रथा नेपालमा कहिल्यै पनि आएन । त्यसै गरी अमेरिकामा जस्तो सामन्तवाद नेपालका समुदाय र समाजहरूमा पाइन्न । यहाँ कविला युगको पछिल्लो चरणको समाज जस्तो एकैचोटि पृथ्वीनारायण शाहले सामन्तवादमा लगेको देखिन्छ । यो उदाहरणबाट पनि मार्क्सवादले क्रमबद्ध रूपमा सबै युग सबै ठाँउमा अनिवार्य रूपमा सबै चरण पार गरेर जानु पर्ने भन्ने देखिन्न । जस्तो कि माओकै पालामा पनि जनवाद अथवा पुँजीवाद कति वर्ष रह्यो त ? सात वर्ष१९४९-१९५६ सम्म पूँजीवादको युग भनेर भने पनिमूलतः उहाँहरू अर्धसामन्तीबाट समाजवादीमा जानु भएको हो । अझ रुसको कुरा गर्ने हो भने पनि पुँजीवाद फेब्रुवरी क्रान्तिपछि अक्टोबर क्रान्तिको एक वर्षमा पूरा भएको छ । म कहाँबाट शुरु गर्न चाहान्छु भने हाम्रो सृजनात्मक क्रान्ति पनि कहाँबाट हुनुपर्दोरहेछ त ?मार्क्सवादले सबै युग हजारौं हजार वर्ष काट्दै अनि मात्रै वैज्ञानिक समाजवादमा पुग्छ भन्ने मानेन । आफ्नो देशको उत्पादन शक्तिको स्थितिअनुसार फड्को हान्दैं जाने स्थिति हुन्छ भन्ने नै मार्क्सवाद रहेछ । मार्क्सले प्रतिस्पर्धात्मक पुँजीवादको व्याख्या गर्नुभयो । तर लेनिनको कालमा पुग्दा प्रतिस्पर्धात्मक पुँजीवादले एकाधिकार पुँजीवादको रूप लियो र लेनिनले त्यसलाई एकाधिकार पुँजीवादको युग भनेर यो सर्वहारा क्रान्तिका लागि उपयुक्त युगका रूपमा व्याख्या गर्नु भयो । त्यसपछि लेनिनले राजनीतिक क्रान्तिको सन्दर्भमा दुईओटा रणनीति अघि सार्नुभयो । जत्ति धेरै मेसिनहरू थप्यो त्यत्ति धेरै चलाउने मजदुर पनि थुप्रिन्छन् र धेरै मजदुर औद्योगिक क्षेत्रमा केन्द्रित हुने हुनाले तिनै मजदुरहरूलाई संगठित गरेर विद्रोह गर्नु पर्छ भन्ने एउटा राजनीतिक लाइन लेनिनको थियो अथवा उत्पादक शक्ति मेसिन र मानव श्रममा आधारित राजनीतिक लाइन नै लेनिनको मुख्य डिजाइन थियो । पुँजीवादको विकासको कोणबाट उहाँले भन्नुभयो : एकाधिकार पूँजीवादले संसारका विभिन्न ठाउँमा टावरहरू विकास हुन्छन् र विश्वबजार कब्जा गर्नका निम्ति, नाफा असुल्नका लागि एक टावर र अर्को टावर बीच टक्कर हुन्छ त्यस टक्करबाट विश्वयुद्ध जन्मिन्छ । यो युद्धले पुँजीवादीहरू कमजोर हुन्छन् । त्यही मौका छोपेर विश्वयुद्धको विरोधमा समाजवाद सम्पन्न गर्नुपर्छ भन्ने रणनीति लेनिनको मुल पक्ष हो । यही साम्राज्यवाद र सर्वहारा क्रान्तिको लाइन हो ।

यो लाइन दोस्रो विश्वयुद्धसम्म चीनियाँ क्रान्ति,भियतनामी क्रान्ति, रेगस्टेवले भनेजस्तोक्युवाको क्रान्तिलाई अपवाद मान्दा पूर्वी यूरोपमा मुलभूतरूपमा लागु भएको देखिन्छ । अब माओत्से तुङको राजनीतिक लाइनको कुरा गर्दा दोस्रो विश्वयुद्धको पाटोमा धेरै चर्चा भएको देखिन्छ । दोस्रो विश्वयुद्धमा अमेरिकाले जापानलाई नउडाएको भए माओको लाइन त्यत्ति छिटो सफल हुने थिएन । त्यसैले माओको राजनीतिक लाइन लेनिनको लाइनसंग सम्बन्धित छ । दोस्रो विश्वयुद्धपछि विशेष गरी १९५०पछि संसारमा विलकुलै नयाँ परिघटना देखापर्न थाल्यो । त्यो हो विज्ञान र प्रविधिमा असाधारण विकास । वैज्ञानिकहरू र अनुसन्धानकर्ताहरू के भन्छन् भने विगत आठ हजार वर्षमा भएको विज्ञान प्रविधिको विकास एकातिर र त्यसपछिको अर्कातिर राख्यो भने अघिल्लोको भन्दा पछिल्लो तेब्बर हुन आँउछ । त्यो स्तरमा विज्ञान प्रविधिको विकास भइरहेछ । विज्ञान र प्रविधिको त्यो स्तरको प्रगतिले हामी देख्न सक्छौं दोस्रो विश्वयुद्धपछि शीतयुद्धको कालसम्म पुंजीवाद रक्षात्मक अवस्थामा छ । यसबेला नै साहित्य-कलामा अस्तित्ववाददेखि लिएर उत्तरआधुनिकतावादसम्म हरेक कुराहरू आए । दोस्रो विश्वयुद्धदेखि शीतयुद्धसम्म पुंजीवाद एकदमै रक्षात्मक अवस्थामा देखिन्छ । यो विश्वयुद्ध बजारको कोणबाट, क्रान्ति नियमको कोणबाट, ज्ञानका पुस्तकहरूको दृष्टिबाट, आक्रमण र हतियार निर्माणका हिसाबले पनि समाजवादी शिविर आक्रामक र पूंजीवाद चाहि रक्षात्मक भएको देखिन्छ । यो किन भयो भने पुँजीवाद अगाडि बढ्न नसक्ने अवस्थामा थियो ।विश्वको दुई तिहाइ भू-भागमा कम्युनिष्ट सत्तामा आए । हातहतियार पनि उनीहरूकै धेरै हुन गयो। पञ्चवर्षीय योजना जस्ता आर्थिक नीतिहरूले उनीहरूले नै पेल्न थालेको स्थिति बनेको थियो । शक्ति असन्तुलनमा जस्तो आक्रामक नभएर शक्ति सन्तुलनको स्थिति बनेको थियो । विज्ञान प्रविधिमा आएको असाधारण प्रगतिले पुँजीवादले आफुलाई नयाँ रूपमा जोगाउने हतियार फेला पार्‍यो । त्यो के भने हजारओटा मेसिन आठ घण्टा चलाउन हजारजना मजदुरहरूको श्रमशक्ति लगाउनु पर्थ्यो भने आधुनिक मेसिन चलाउँदा एक अपरेटरले एक क्लिकबाट नै हजार मजदुर बराबरको काम गर्न थाल्यो । विज्ञान र प्रविधिको विकासका कारण फ्रिक्वान्सीको एक क्लिकले मेसिन चल्न थाल्यो । जसका कारण हजार जना मजदुरहरू उत्पादन केन्द्रबाट विस्थापित भए । यसले पुँजीवादलाई हिजो मजदुरबाट हुने उत्पादनभन्दा धेरै बढीनाफा दियो । हिजो आठ घण्टा एक जना मजदुरले काम गर्दा छ घण्टाको ज्याला दिई दुई घण्टा नाफा खान्थ्यो भने (हजार जना मजदुरबाट दुई हजार घण्टाको नाफा खान्थ्यो भने) अब एउटै मजदुरबाट आठ हजार घण्टाको नाफा एकै चोटि पुँजीवादको हातमा पुग्यो । किनभने मेशिनले त तलब माग्दैन । अब पुँजीपतिले दुईचार जना अपरेटरबाट हजारजना मजदुरको काम लिन थालेपछि जति तलब दिए पनि पुग्यो । पुँजीपतिले हजार जना मजदुर कटाएर चार/पाँच जना अपरेटर राख्यो । यिनै औद्यौगिक केन्द्रमा रहेका अपरेटरहरू अब हिजोका सर्वहारा मजदुरका रूपमा रहन गए। जसलाई पर्याप्त तलब-सुविधा दिन सकिन्थ्यो । यस कारण विज्ञान प्रविधिको विकासले सर्वहारा मजदुर हिजोको लेनिनकालमा जस्तो सर्वहारा मजदुर रहेन । मजदुरको संख्या बढ्नुको साटो अब संकुचनतिर गयो । ती विस्थापित भएका मजदुरहरू कहाँ गए त ? ती सेवा क्षेत्रमा गए । अहिले नेपाली समाजकै कुरा गर्ने हो भने ४५ लाख मान्छे विदेशमा गए भनिन्छ । तर तिनीहरू एक प्रतिशत पनि उत्पादनका क्षेत्रमा छैनन् । भनेपछि लेनिनको राजनीतिक लाइन १९५०सम्म पुग्दा पूर्णतःभिन्न हुन पुगेको छ । लेनिनवाद त होइन है यसको त बहुआयामिक महत्व छ । लेनिनको राजनीतिक लाइनको एउटा मुख्य चीजचाहि विज्ञान प्रविधिको विकासले ध्वंश भयो । औद्योगिक केन्द्रहरूमा सर्वहारा मजदुरको विशाल फौज बन्छ भनेको त्यो भएन उनीहरू छरिएर गए । उनीहरू असंगठित सेवा क्षेत्रमा पो गए । विज्ञान र प्रविधिमा आएको विकासका कारणले पुँजीवादले एउटा नयाँ हतियार के फेला पर्‍यो भने बहुराष्ट्रिय कम्पनी बनाउने डिजिटल युग । जसका कारणले एकै देशमा बसेर दर्जनौ देशका पुँजीपतिहरूसंग मिली उनीहरूले'डिजिटल्ली' पैसा पठाउने र पाउने, यहीं बसीबसी सबै पुँजीपतिहरूसंग वार्ता गर्ने, सम्झौता गर्ने र अमेरिकाको स्ट्यान्डर्ड चार्टर बैंकले संसारभरिका पुँजीपतिलाई एकैसाथ पुँजी पठाउने हुन थाल्यो । हुँदा-हुँदै यिनीहरूले खुफिया बैंकहरू पनि निर्माण गरेका छन्-एस.एस.सी.बी.सी. बैंकहरू । जसले सम्पूर्ण 'ल्याक मनि'लाई संसारभरि पठाउँछ । ३/४ ओटा यस्ता बैंकहरू खोले उनीहरूले । साथै पैसा लुकाउने बैंक समेत खोले-स्विट्जरल्याण्ड र स्कटल्याण्डमा । जसमा संसारभरिका पुँजीपतिहरू पैसा लुकाउँछन् । ती बैंकहरूले सूचना दिन बाध्य नहुने नियम बनाएका छन् र पैसा 'डिजिटल्ली' पाउने र पठाउने गर्छन् । भनेपछि एकाधिकार पुँजीवादले जसरी टक्कर खान्छ भनिएको थियो त्यो भएन । विज्ञान र प्रविधिलाई प्रयोग गरेर पुँजीवादीहरू टक्कर नखानेतिर गए, बरु तिनीहरू एकअर्कालाई सम्मीलन गर्ने, एकीकृत पुँजी बनाउने र दुनियाँभरिकाश्रमिक र उत्पीडित राष्ट्रहरूलाई लुट्नेतिर गए । पुँजीवादी एकाधिकारका रूपमा यदि विश्व बैंकले दुई करोड लगानी गर्छु भन्छभने एसियाली विकास बैंकले मेरो पनि एक करोड थपिदेऊ भन्छ । भनेपछि पुँजीहरू एकीकृत भए तर पुँजीवादी एकाधिकार भएन । यसले विश्वयुद्ध निम्त्याएन बरु २८ राष्ट्रहरूलाई मिलाएर एउटा देश बनाउनेतिर गयो । यसका विरुद्ध कोही पनि नबोलेनन् किनकि सबै कम्पनीहरू एकअर्कासंग गाँसिएका छन् । रुसी कम्पनी, अमेरिकी कम्पनीहरूलेसामानहरू एकातिर बनाउने अर्कोतिर जोड्ने एकीकृत रूप बनाए भनेपछि यो पुँजीवाद के भयो त ? भुमण्डलीकृत एकीकृत पुँजीवाद भयो । यसलाई साम्राज्यवादको एउटा नयाँ चरण लेनिनले भन्नु भएको अर्थतन्त्रको कोणले पनि अलग भएर आयो । समाजवादी सत्ता ढल्नुको मुख्यकारण यही नै हो । किन कि सबै समाजवादी सत्ताहरू मेसिन र मानव श्रम मिश्रित मुख्य उत्पादक शक्ति हुने युगमा लेनिनले त्यस्तो ढाँचामा ढाल्दै लैजानु पर्छ भन्नु भएको थियो ।

पार्टी, सेना र सत्तालाई मेशिन र मानव श्रममा आधारित भएर डिजाइन गरिएको थियो । तर १९९० सम्म पुग्दा पुँजीवादले यसरी 'इन्जोय' गरिसकेको थियो कि नयाँ उत्पादक शक्ति अथवा विज्ञान प्रविधिलाई मानिसकेको थियो । माथिल्लो स्तरको विज्ञान र प्रविधिबाट बहुराष्ट्रिय कम्पनीले समाजवादी सत्तामाथि हान्यो । तर यो कुरा समाजवादी सत्तालाई पत्तै भएन । सेना, गुप्तचर संस्थाहरूले पनि पुँजीवादले कहाँबाट आक्रमण गर्‍यो भन्ने कुरा पत्ता पाएनन् । एकैचोटि समाजवादी सत्ताहरू गल्र्याम गुल्र्युम ढले । नेपालमा पनि त्यसको प्रभाव पर्‍यो । त्यसैले आजको युग भनेको विज्ञान प्रविधि मुख्य उत्पादक शक्ति भएको युग हो । मार्क्स जुकरवर्ग माइक्रोसफ्टका पुँजीपतिहरू कुनै खानदानी वर्गबाट आएका होइनन् । तर विज्ञान प्रविधि मुख्य उत्पादक शक्ति भएका कारणले माथि आए । पैसा त अरुसंग पनि थियो तर उनीहरूसंग त्यो विज्ञान प्रविधि थिएन । जसलाई उनीहरूले माथिबाट प्रयोग गरे । वोइङ कम्पनीका मालिकलाई उछिनेर उनीहरू एक नम्बरमा आए । पहिले बोइङ्ग कम्पनी, टाटा र विडलाहरू, हार्डवेयर निर्माताहरू एक नम्बरमा थिए किनकि त्यस बेला मेसिन र मानवश्रम मुख्य थियो । तर अहिले विज्ञान प्रविधि मुख्य भएको हुनाले रिलायन्सहरू अगाडि आए । अहिले कसैसंग पाँच करोड रुपियाँ छ तर कम्प्युटर चलाउन आउदैन भने त्यो पाँच करोडको कुनै अर्थ रहँदैन । राम्रोसंग कम्प्युटर, विज्ञान प्रविधिको ज्ञान भएको मान्छेले अहिले पाँच करोड सजिलैसंग कमाउन सक्छ र अरुलाई उछिन्छ । हिजो जोसंग धेरै मेशिन हुन्थ्यो उसले धेरै श्रम कजाउन सक्थ्यो रपुँजीपति बन्थ्यो तर आज जोसंग विज्ञान र प्रविधि सबभन्दा बढी प्रयोग गर्ने क्षमता हुन्छ ऊ अगाडि जाने युग आयो । सामान्य भनाइमा भर्खरका दुई जना युवा-युवतीहरू दुबैले प्रेमपत्र लेखे एक जनाले कागजमा लेखिपठाए अर्कोले इमेलमार्फत् ।अब कस्को पहिलो गयो त ? जसले विज्ञान प्रविधिलाई प्रयोग गर्‍यो ऊ पहिला भो । सुन्दर अक्षरमा त लेख्यो तर सन्देश पहिला इमेल प्रयोग कर्ताको पुग्यो । विज्ञान प्रविधिको युगले गर्दा भूमण्डलीकृत पुँजीवाद सम्भव भएको हो । हाम्रो जस्तो मुलुकमा भूमण्डलीकृत पुँजीवादले राष्ट्रिय पुँजीपति वर्गलाई सखाप पार्‍यो । नेपालका धेरै जसो राजनीतिक पार्टीहरूले 'थ्योरिकल्ली'भनिराखेका छन्, राष्ट्रिय पुँजीपति वर्गलाई संगठित गरेर क्रान्तिका लागि तयार गर्नु पर्छ र उनीहरूको पुँजीलाई संरक्षण गरेर राष्ट्रिय स्वाधीन पुँजी निर्माणबाट साम्राज्यवादी पुँजी र दलाल पुँजीसंग लड्नु पर्छ । तर भूमण्डलीकृत पुँजीवादलाई बुझ्ने हो भने राष्ट्रिय पुँजीपति वर्गअब उत्पीडित राष्ट्रहरूमा सम्भव छैन । हिंजोको एकाधिकार पुँजीवादले ठुला कम्पनीहरूको पुँजीलाई दलालमार्फत प्रयोग गरी त्यो देशका स-साना कम्पनी र कारखानालाई भाउ-घटाउने बढाउने लगाम हातमा लिई, बजार कब्जा गरी नष्ट गरिदिन्थ्यो । यसरी नष्ट गर्न आँउने भएको हुनाले एकाधिकार पुँजीसंग राष्ट्रिय पुँजीपति लड्न जान्थ्यो । हामी सकिने भयौं भनेर लड्न जान्थे । जस्तो श्री टेक्सटाइलमा हड्ताल हुदाँ वर्क परमिटको नारा लाइयो । त्यो नाराले पुँजीपति र मजदुर दुबै खुशी भए ।मजदुरलाई घरमै लिन आउने राष्ट्रिय पुँजीपति वर्गको एउटा स्वभाव थियो । तर भूमण्डलीकृत पुँजीवादले बहुराष्ट्रिय र परराष्ट्रिय, दुई वा बहुदेशीय कम्पनीहरू चलाउन थालेपछि संसारभरि एउटै मार्ट खोल्न र शेयर लगानी गर्न भन्न थाल्यो । हिंजोको एकाधिकार पुँजीवाद राष्ट्रिय पुँजीपति वर्गलाई खान आउँथ्यो, अहिलेको बहुराष्ट्रिय कम्पनी, भूमण्डलीकृत पुँजीवादचाहिं राष्ट्रिय पुँजीपतिलाई आफुसंग मिलाउन आँउछ र दलाल बनाउँछ अनि राष्ट्रिय पूंजीपति वर्ग नै नष्ट गरिदिन्छ। जस्तो' भाटभाटेनी सुपरमार्केट' हेर्दा एउटा गुरुङको छोराले चलाएको, नेपालीले गएर सामान किन्ने राष्ट्रिय पुँजीपतिको जस्तो लाग्छ तर यसले बेच्ने ९५ प्रतिशत सामान बहुराष्ट्रिय कम्पनीकै हो । उसले बहुराष्ट्रिय कम्पनीलाई ९५ प्रतिशत नाफा त दिन्छ नै पछि गएर दलाल पुँजीपतिमा फेरिन्छ किनकि उसले बहुराष्ट्रिय कम्पनीको सामान बेचेन भने आफै रहदैन । आफ्नो सामान बेचेर नाफा नकमाउने सर्तमा भाटभटेनीचल्छ । पुँजीपतिहरूको कुनै देश हुँदैन,राष्ट्रियता हुँदैन । उसको पुँजी र नाफासंग मात्र सम्बन्ध हुन्छ । पशुपति मुरारकाको अर्घाखाँची सिमेन्ट पनि युरोपेलीकम्पनीको दलालीमा चलिरहेछ अर्थात् एकैचोटी त्यो दलाल पनि छ र राष्ट्रिय पनि तर मूलतः दलाल नै छ । यसरी राष्ट्रिय पुँजीपति वर्ग समाप्त हुन्छ । अब कोही राष्ट्रिय पुँजीपति वर्ग रहन्छ भने पनि वर्गको रूपमा संगठित रहन सक्दैन । राष्ट्रिय स्वाधीन पुँजी निर्माण गर्ने आँट हुदैन । आजको पुँजी बजारमा अध्ययन गर्ने हो भने कुनै पनि पुँजीपति अवैध धन्दा नगरी बाँच्नै सक्दैन । जति पनि व्यापारी र पुँजी घरानाहरू छन्, उनीहरू बाहिर एउटा भित्र अर्कै गरिरहेका हुन्छन् । संसार भरिको 'ल्याक मनि' र पुँजीसंग उनीहरूको साँठगाँठ रहेको हुन्छ । यसले राष्ट्रिय पुँजीपति वर्गलाई सिध्याइ दिन्छ, भूमण्डलीकृत पुँजीवादको मूल चरित्र नै यही हो ।

राष्ट्रिय पूंजीपति वर्ग समाप्त भइसकेपछि अब बाँकी भनेको एउटा स्कुल, प्रकाशन गृह, चिया पसल, जागिर खाई जीविका चलाउने रह्यो । हिजो सामन्तवाद अन्तर्गत जीविका मुख्य अर्थतन्त्र थियो आज दलाल पूंजीवाद अन्तर्गत जीविकामुखी अर्थतन्त्र हामी भोग्दैछौं । पूंजीवाद त पूंजीवाद नै भन्ने भयौं किनकि बिहानदेखि बेलुकासम्म अरुका सामान किन्ने र बेच्ने हो । सबै वस्तुलाई मालमा रूपान्तरण गरिदिएको हुनाले पूंजीवादी गतिविधि नै गर्ने हो तर त्यो जीविकामुखी अर्थतन्त्र हो । जीविकामुखी अर्थतन्त्रमा रीष्ट्रयपुँजीले विकासित भएर लड्न जान सक्दैनकिनकि त्यो खाएर लगाएर नै सकिन्छ । यसर्थ अब राष्ट्रिय पुँजीपति वर्ग छँदै छैन । जुनपुँजीपति वर्ग नेपालमा छ त्यो सबैभूमण्डलीकृत पुँजीवादको दलाल छ । ''क'क्लासका सबै बैंकहरू अन्तराष्ट्रिय बैंकसंग सम्बन्धित छन् । हामीसंग राष्ट्रिय पूंजी भनेको संचयकोष, सेनाको कोष, दुरसंचारको पुँजी जस्ता केही मात्र रहेका छन् । त्यो कहाँ लगानी गर्ने त भन्दा त्यही दलाल बैंकलाई दिनुपर्ने हुन्छ २-४ प्रतिशत ब्याजदरमा । यसरी कुनै पनि राष्ट्रिय पुँजीपति प्रगतिशील पुजीपति रहदैन ।

नेपाली समाजमा सामन्तवाद, अर्धसामन्तवाद छ कि छैन भन्ने बहस पनि छ। सामन्तवाद वा अर्धसामन्तवाद भनेर माओत्से तुङले जे व्याख्या गरे हामी पनि त्यही गर्दै आएका छौं । त्यो भनेको साम्रज्यवादभित्र पुँजीवाद पनि विकास हुने भनेर भनेको हो । तर मार्क्सले जेलाई पुँजीवाद भन्नु भएको थियो त्यो पुँजीवाद नेपालमा जुन बेला जुटमिल खुल्यो त्यतिखेरै भ्रुणको रूपमा आयो । पंचायत कालमा राजा महेन्द्रले औद्योगिक क्षेत्रहरू गठन गर्दै केही भ्रुणहरूलाई अगाडि लान खोजेका थिए । १९९० पछि जब नवउदारवाद आयो नवउदारवादको झट्का नेपालमा पनि लाग्यो । पुँजीवादले सबैथोक मालमा परिणात गरिदिएको हुनाले पुँजीवाद भन्न सकिए पनि मार्क्सले भने जस्तो पुँजी उत्पादन गर्ने पुँजीवाद नेपालमा आउनै सकेन । मालमा सबै वस्तु परिणत गरिदिएको हुनाले पूँजीवाद त पूंजीवाद नै हो तर मार्क्सले जस्तो होइन । मार्क्सले श्रमशक्ति र प्रविधिको प्रयोग गरेर माल उत्पादन गर्नेर त्यो मालबाट पूंजी उत्पादन गर्ने भनेको हो तर नेपालमा यस्तो खालको पुँजीवाद स्थापित हुनै सकेन ।एकातिर नवउदारवादको प्रभाव व्यापक रूपमा पर्‍यो र बहुराष्ट्रिय कम्पनीहरू अगाडि आए पछि नेपाल सबै वस्तुहरूलाई मालमा परिणत गर्ने तर पूंजी उत्पादन हुन नदिने दलाल पुँजीवाद कब्जामा गयो । यसरी हेर्दा नेपाली समाजमा टुक्रे सामन्तवाद थियो । चीन, भारत, यूरोपमा जस्तो युद्धसरदारहरू सामन्तवादका मालिक हुने, राजा-महाराजाहरू महासामन्त हुने खालको देश नेपाल थिएन किनकि नेपालमा त्यस्तो खालको पर्याप्त जमिन नै थिएन । जमिन नै सामन्तवादको मुख्य उत्पादनको साधन हो । त्यही नेपालसंग कम थियो । तराईमाकेही हात्ती पाल्ने सामन्त थिए भने पहाडमा केही सय रोपनी खरबारी हुने सामन्त थिए तर उत्पादन पौलको कुरै थिएन । धनाढ्यहरूसाना सामान्त थिए । लिम्बुवान तिर गयो भने सामन्तवाद अलिअलि कुत उठाउने खालका । मूलभूत रूपमा कुत उठाएर जीवनको प्रगति हुदैनथ्यो, जीविका मात्र चल्थ्यो । नत्र भने सुब्बा थर भएकाहरू किन लाहुर जान तयार हुन्थे र ? यी सबैले के पुष्टि गर्छ भने नेपालमा अत्यन्तै टुक्रे सामन्तवाद थियो । तराइमा अलि ठुला थिए तर त्यो सामन्तवादलाई विस्तारै राजा महेन्द्रसम्म पुग्दा पहाडका मानिसहरूले विस्थापित गर्दै गए । बढीभन्दा बढी जमिन उनैले कब्जा गर्न शुरु गरिसकेका थिए। महोत्तरीमा पशुपति शमसेरको ८०० रोपनी, नवलपरासीमा यादवप्रसाद पन्तको ९०० रोपनी जग्गाले त्यही देखाउँछ । तराईमा ठुलाठुला सामन्तहरू छन् भनेपनि सबभन्दा जग्गा हडप्ने पंचायती हर्ताकर्ता,राजा, महाराजाका नजिकका मान्छेहरू नै थिए ।

नेपालमा दुई तरिकाबाट सामन्तवादको अन्त्य भएको देखिन्छ । पहिलो हो, विदेशी दलाल पुँजीवादको लगातार आक्रमणको कारण, जसले वस्तुहरूलाई योजनावद्ध रूपमा विनिमयको चीज बनाउँदै मालमा रूपान्तरण गर्दै लग्यो र अर्को भनेको कम्युनिष्ट आन्दोलनले सामन्तहरूको जग्गा खोसेर बाड्न नसक्नु । २००८ सालमा साँखु र स्युचाटारको जग्गा खोसेर किसानलाई बाँडियो, तर त्यो नेपाल कम्युनिष्ट पार्टीले गर्न हैन, त्यो त लाल कम्युनिष्ट पार्टीले गरेको थियो । अरु भनेको झण्डा गाड्ने छोड्ने त्यस्तै हो तर के चाहि गर्‍यो भने नेपाल कम्युनिष्ट पार्टीले सामन्तहरूलाई त्राहिमाम बनाउनकहिल्यै छोडेन । अर्कोतिर सामन्तहरूलाई ठुलो आशा थियो कि राजा महेन्द्रले २०१७ सालमा सत्ता लिइसकेपछि हाम्रो रक्षा गर्छन् तर उनले २०२१ सालमा भूमिसुधार लागु गरे र चौवन्नी जति जमिन जमिन्दारले छोडिदिनु पर्‍यो । पाँच लाख हेक्टर जमिन राष्ट्रियकरण गर्ने भनेको जम्मा ५० हजार जति मात्र हुन आयो । जमिन त लुकाए तर त्राहिमाम भएको सामन्तले आफ्नो जमिन कम्पनीको नाममा, नातागोता, भाइबुहारी, भारदारका बाँकी ७ पेजमा

## इतिहासबाट...

पनि नसकी उल्टो, त्यसै कमजोरिलाई आफ्नो जीवनको गौरव ठानी आफ्ना पुर्खाले सृजना गरेर गएका ती विषय वस्तुहरूको महिमाको गुनगान गाउनु र त्यसको वरिपरि चक्कर मार्दै जीवनका अमूल्य समयलाई खेर फाल्ने जस्तो क्रियाकलापले गर्दा, आज हामीले यस्तो हविगत झेल्नु परिरहेको छ । हिजोका दिनमा हाम्रा पुर्खाले आफ्नो पहिचानलाई जिवीत राख्न, सामुहिक सोचलाई सर्वोपरि मानी देशको मान-मर्यादा अर्थात राष्ट्रिय स्वाधिनताको रक्षालाई अग्र-स्थानमा राखेर, देश, काल र परिस्थितिको आवश्यक्ता अनुरूप (सुहाउँदो) भाषा, साहित्य, कला, संस्कृति, रितिरिवाज र रहनसहन जे जस्ता जस्तो किसिमले सृजना गरेका थिए, ती सबका सबलाई नामेट पार्दै सीर्जनशील आदिवासि जनजाति समुदाय अर्थात नेपालका आदिवासि नेवाः जातिय समुदायलाई नै ध्वष्तपारी सिङ्गो नेपालमा रजाइँ गरी बस्ने दुरासय मानसिक्ता बोकी आएका ती दुष्टजनहरू नेवाः जातिय समुदायको सीर्जनशीलता, सदासयता र स्वाभिमानी प्रतिमूर्ति सामू नतमस्तक भई नेवाः जातिय समुदाय अर्थात नेपाल (इतिहासकार जगदिश चन्द्र रेग्मी :- "जातिवाचक नेवार नाम देश वा राष्ट्रवाचक नेपालकै व्यवहारिक रूप हो") मै बिलय हुन पुगेको इतिहास यथावत छ, त्यो मेटेर मेटिन्न ।

आजका जन-समूदायले अत्यन्तै महत्वका साथ बुझ्नु पर्ने कुरो के हो त भने जात र जाती भनेको एउटै विषय वस्तु होइन । जाती भनेको एउटा जनसमुदाय हो । जाति भनेको कुनै नश्लीय वा प्रजातिय होइन, बरु ऐतिहासिक दृष्टिले स्थापित एउटा जनसमुदाय हो । जाती भनेको कुनै अनियमित वा क्षणिक जमघट होइन, बरु मानिसहरूको एक स्थिर समुदाय हो । तर फेरि यसो भनेर सबैका सबै स्थिर जन-समुदायहरू जाती बन्दैनन् । विश्वमा त्यस्ता कतिपय स्थिर जन-समुदायहरू छन् तर तिनलाई जाती कहलाउन सकिन्न । कुन कुराले राज्य समुदायबाट जातीय समुदायलाई छुट्याउने भन्दा, त्यसो छुट्याउने माध्यम एउटा साझा भाषा हो । साझा भाषा बिना जातीय समुदाय कल्पनासम्म पनि गर्न सकिन्न । तर, राज्यको निम्ति एउटा सझा भाषा हुनैपर्छ भन्ने छैन । जातीय समुदाय कहलाउन जातीय समूदायमा अनिवार्य रूपमा हुनै पर्ने विषय भनेको विशेषतः साझा भाषा, साझा इलाका, साझा आर्थिक जीवन र साझा संस्कृतिमा व्यक्त मनोवैज्ञानिक स्वरूपको आधारमा निर्मित एक ऐतिहासिक रूपले स्थापित, स्थिर जनसमूदाय हो । यसलाई अर्को अर्थमा भन्नुपर्दा कुनै पनि स्वतन्त्र राष्ट्को निखर राष्ट्रियताको पहिचान भनेकै त्यहाँको जातीय समूदाय हो ।

जातीय समूदायको भँगालोलाई तितर वितर पारी आफ्नो दुरासयपूर्ण स्वार्थका लागि सामन्तवादीहरू विशेषतः हिन्दु-धर्मालम्विहरूले वर्ण-व्यवस्था लागु गर्न लामो समयदेखि प्रयास गर्दै आएता पनि जातीय समूदायको स्थिर साझा नीति र सामुहिक सोच सामू केहि लागेको थिएन । तर, जयस्थिति मल्लले समाज-सुधारको नाउँमा वर्ण-व्यवस्था अन्ततः लागुगर्न सफल हुन पुगेका थिए । त्यसै बेलादेखि वर्ण-व्यवस्थाभित्रको त्यो जालसाजी धर्ममा लुटुपुटु भई विभिन्न उच-नीच जातभातमा विभाजित भई टुट्फुट्को स्थितिबाट फाइदा उठाउँदै, व्यक्तिगत महत्वाकांक्षी पृथ्वीनारायण शाहले धुर्त्याइँपूर्ण जालझेलको तरिका अपनाई गोरखा राज्य विस्तार गर्ने क्रममा, नेपालका तमाम् आदिवासी जनजातीहरूलाई तितर वित पारेर देशलाई तहस नहस पार्दै आन्तरिक उपनिवेश खडा गरेका थिए । जसलाई पृथ्वीनारायण शाहका घोषित तथा अघोषित उत्तराधिकारी सत्तासिनहरूले उक्त कार्यलाई निरन्तरता कायम गर्ने शीलशिला जारिराख्दै बहुमतको दम्भमा उभिएर ओलि नेतृत्वको वर्तमान सरकारले यतिखेर, अलकापुरि कान्तिपुरलाई पुरै ध्वष्ट पारी यहाँका रैथाने नेवाः जतिय समुदायलाई उठिवास गराई नेवाः जातीको अस्तित्व नै नामेट (समाप्त) गर्न खोजेको मात्र होइन, उसले नेपालको राष्ट्रिय स्वाधिनतालाई नै सखाप पार्ने अभिप्रायका साथ बिना हिचकिचाहट एमसीसी सम्झौता संसदबाट अनुमोदन गराउन मरिहत्यगरी लागिपरि रहेको वर्तमान स्थिति हो यो ।

सच्चा क्रान्तिकारी कम्युनिष्टहरूले अत्यन्तै महत्वकासाथ यादगार बनाई राख्नु पर्ने कुरो भनेको "सिद्धान्तमा आधारित नीति नै एक मात्र सही नीति हो" पार्टी नेताहरूले आफ्नो बहुमतको रायलाई आदर नगरिरहन सक्दैन । बहुमत यस्तो शक्ति हो जसलाई नेताले महत्व नदिई रहन सक्दैन । तर, खास गरी बहुमत को कुनै सैद्धान्तिक आधार नरहँदा, बहुमतको बन्दीभई बस्नु पनि ठिक होइन । हाम्रो पार्टीको इतिहासमा यस्ता क्षण पनि रहेका छन् । बहुमतको दम्भमा ती आत्मासमर्पणवादीहरूले पार्टी, सर्वहारावर्गका मूल हितहरू र दश वर्षिय महान जनयुद्धलाई तहस नहस पार्दै, तीनिहरू वर्गीय दुस्मनहरूको जन-विरोधि क्याम्पभित्र लुते कुकूरको जीवन जिउन पुगेका थिए । यस्तो बेला हामी सच्चा क्रान्तिकारी कम्युनिष्ट हुनुको नाताले क्रान्तिकारी लाल झण्डा भूईमा गिर्नबाट जोगाई, त्यस्ता धोकेवाज गद्दारहरूबाट छुट्टै क्रान्तिकारी पार्टी पुनरगठन गरी, अधुरो नयाँ जनवादी क्रान्तिलाई पूर्णतामा धालेर देश र जनताको आवश्यक्ता र चाहना स्वरूप नयाँ जनवादी राज्य-व्यवस्था कायम गर्ने उद्देश्य सहित आवश्यक तयारिमा जुतिरहेको वर्तमान स्थितिलाई केन्द्र बिन्दु बनाई प्रत्येक क्रान्तिकारी कम्युनिष्टहरूले आ-आफ्नो क्रान्तिकारी पहिचान दर्साई जुझारु ढङ्गले अगाडि बढ्नु आजको राष्ट्रिय आवश्यक्ता हो ।

पार्टीका सिद्धान्तकार तथा नेताहरू, विश्व इतिहास सित परिचित रहेका र क्रान्तिहरूको इतिहासको आद्योपान्त अध्ययन गरेका मानिसहरू कहिले काहिं एउटा लज्जाजनक रोगबाट पिडित हुन्छन् । यो रोग हो जन-साधारणबाट डर, जन-साधारणको रचनात्मक शक्तिमा अविश्वास । यसले गर्दा क्रान्तिको इतिहास सित सुपरिचित नभएता पनि पुरानो व्यवस्थालाई विनष्ट पारी नयाँ निर्माण गर्ने जन-साधारण प्रति एक प्रकारको अभिजात वर्गिय दृष्टिकोण कहिले काहिं नेताहरूमा पैदा हुन्छ । प्रकृतिमा भुइँचालो नै आउला कि, जन-साधारणले "ज्यादै बढ्ता विनष्ट" पार्लान कि भन्ने डरबाट यस प्रकारको अभिजात वर्गीय दृष्टिकोण पैदा हुन्छ । भन्नु नै पर्दा यो जन-साधारणलाई किताबी ज्ञानबाट सिकाउन खोज्ने, तर जन-साधारणबाट सिक्न नचाहने निर्देशकको भूमिका खेल्ने इच्छाको उपज हो ।

सच्चा क्रान्तिकारी कम्युनिष्टहरू क्रान्तिप्रति सचेत रूपले गम्भिर हुनु जरुरी छ । क्रान्ति भनेको व्यापक श्रमजिवी जन-सहभागिता बिनाको क्रान्ति, खास क्रान्ति नभई विगतमा भए गरेका बुर्जुवा क्रान्ति जस्तै भ्रान्तिमा परिणत हुन जान सक्ने सम्भावनालाई नकार्न मिल्दैन । यसो भनेर फेरि जन-सहभागिता जुटाउनुको नाउँमा ठूलठूला भाषणबाजी, सैद्धान्तिक ब्याख्या र विश्लेषण, वक्तव्य र पर्चाबाजिको होद चलाउँदैमा जन-सहभागिता जुताउन सकिन्न । जन-सहभागिता जुटाउन, उनीहरूसँग सच्चा दिलले आत्मियता गाँसेर उनीहरूले भोग्नु परिरहेका अनेकौं दुःख कष्टका व्यथाहरू प्रति सम्वेदनशिल बनी समस्या सुल्झाउन सच्चा हितैसि मित्र बन्न सक्नु पर्छ ।

क्रान्तिप्रति अटल विश्वासका साथ समरपित सच्चा क्रान्तिकारी कम्युनिष्टहरूले अत्यन्तै गम्भिर भई चिन्तन मनन् गर्नु पर्ने कुरो भनेको क्रान्तिका आधार स्तम्भ भनेको श्रमिजिवी जन-समूदाय हो । र ती श्रमिजिवी जनता क्रान्तिकारीहरूको चेला होइनन्, उनीहरू त क्रान्तिकारीहरूको प्राथमिक तहका गुरु हुन् । उनीहरूले भोग्नु परिरहेका ती गराई खाने ठगहरूद्वारा थोपरेको शोषण, दमन र उत्पीडन जस्ता अत्यन्तै कष्टकर जीवनका अनुभूतिहरू ग्रहन गर्न, क्रान्तिकारी कम्युनिष्टहरू स्वच्छ दिलले उनीहरूसँग हेलमेल भई क्रान्तिको निम्ति अत्यावश्यक उपरोक्त प्राथमिक शिक्षा हासिल गर्नु नितान्त जरुरी छ । आफुले ग्रहन गरेको उक्त शिक्षालाई, मालेमावादी सैद्धान्तिक ल्यावमा मिहिन तरिकाले प्रशोधित गरी निस्केको विशुद्ध क्रान्तिकारी अवधारणा, ती गराई खाने ठगहरू विरुद्ध लक्षित गरी, पुनः श्रमिजिवी जन-समूदायमा फर्काई, उनीहरूलाई क्रान्तिकारी संघर्षमा सक्रिय सहभागि बन्न उत्साहित तुल्याई एकसाथ जुझारु ढङ्गले क्रान्तिकारी संघर्षमा उत्रने र उतार्ने जमर्को गर्नैपर्छ । देश र जनताको मुक्ति र स्वतन्त्रताको चाहनालाई परि पूर्ति गर्ने यो नै एक मात्र भरपर्दो माध्यम हो भने अर्कोतिर सच्चा क्रान्तिकारी कम्युनिष्टहरूसमुन्दरकोधारउल्टोतिरबाट अगाडि बढ्ने महाप्रलयकारी शक्ति हो । राष्ट्रिय मुक्तिको निम्ति यी दुईको संगम आजको अनिवार्य शर्त हुनुको सँगै यो वर्तमान युगको माग पनि हो । २०७६/११/१५*ताहाचल, काठमाडौं।*

## नेपाली...

नाममा लुकायो । राजाले रक्षा गर्छ कि भनेको त्यसले पनि भूमिसुधार भनिदिए पछि गारो भयो । नेपाली राजनीतिमा सामन्तहरू जमिनको कारणले आउन सकेनन् । सुर्यबहादर थापाहरूको परिवारले भने ४५० रोपनी जमिन विर्ता पाएको हो । त्यो विर्ता पाउने मान्छे पहाडिया खस आर्य भएकोले प्रधानमन्त्री नै भयो । एक हजार विगाहा जमिन भएको मधेशी भने मन्त्रीमण्डलमा पुगेको पञ्चायतमा देखिएन । पुँजीवादी सत्तामा धेरै पैसा भएको मान्छेले मन्त्री पद भेटाउन नपाउँदा निराश हुन्छ भने सामन्तवादमा त्यो मान्छे शक्तिशाली हुन्छ जोसंग जमिन हुन्छ । भद्रकाली मिश्र बाहेक धनी मधेशी कोही पनि सत्तत्रामा आउन पाएन । जमिनको आधारमा प्रगति गर्न नसक्नुले सामन्तवाद नेपालमा निराश भएको छ । त्यो तराइको कोणबाट हेर्ने हो भने पनि मिल्छ । जनसङ्ख्या बृद्धिले जमिन खण्डीकरण भई निराश सामन्त जमिनबाट प्रगति नहुने भएपछि अर्को ठाँउमा जान चाह्यो । कृषिसम्बन्धी कुनै पनि नीति नभएपछि सामन्तहरू निराश भएर क्रमशःअन्यत्र जाँदानेपालमा अहिले व्यक्तिसामन्त छैन। अहिले जमिन धेरै माफियाहरूसंग, चिया बगान कम्पनीहरूसंग छ जुन लुकाइएको छ । जग्गा माफियाहरू र कम्पनीहरूसंग जमिन हुनु पूंजीवादी कुरा भयो । भनेपछि व्यक्ति सामन्त छैन । त्यसैले अब नेपालमा सामन्त छ भन्नु धेरै गाह्रो कुरा हो । मोही किसानको सवालमा सामन्तवाद भनेको दर्तावाल मोहीहरू भएका हुन् । नेपालमा साँढे तीन लाख दर्ता भएका र नभएका एक लाख गरीजम्माजम्मी साढे चार लाख मोही छन् । त्यो मोही के चाहदैन भने मेरो कुत हटोस् र जीवन प्रगति होस् । मोहीमात्र होइन जग्गावाल पनि कुत बढाएर शोषण गरौं भन्ने चाहन्न । दुईटैको एउटै स्वार्थ के हो भने छिटोभन्दा छिटो जमिन बेचेर अन्य काम गरौं भन्ने छ यो पूंजीवादी मानसिकताको सामन्ती सम्बन्ध मात्र हो । बालीमा काम गर्ने पनि दमाई र कामी मात्रै छन् । सबभन्दा पहिला बाली प्रथाबाट सार्कीहरू अलग भए, अनि गन्धर्वहरू घुमन्ते भए । २००५ सालको तथ्याङ्कमा ३४ प्रतिशत दलितहरू बाली प्रथामा छन् । यो प्रतिशत भनेको धेरै कम हो । यो मिश्रित भएर आयो बाउ गाउँमा फलाम ठोक्छ र बाली लिन्छ, छोरा सहरमा वर्कशप चलाउँछ र नगद लिन्छ । भनेपछि बालीप्रथा पनि नेपालमा अबजमिनसित सम्बन्धित छैन । संस्कृतिमा भने जबर्जस्ती केही क्षेत्रमा सामन्तवाद बाँकी छ । हुन त मार्क्सको घरमा पनि कमारी थिइन् यस्तो अवशेष त रहन सक्छ । सामन्तवादमा महिला, दलितहरूमाथि सांस्कृतिक उत्पीडन भैरहन्छ । जीवनको मूलभाग जसले निर्देशित गरेको छ त्योचाहि पुँजीवाद तिर गयो । आज हामी मोवाइल फोन बिना पाइला पनि सार्न सक्दैनौं । वाइफाई विना रहनै सक्दैनौं त्यसलाई सामान तिरेर हुदैन । नगद पैसा नै तिर्नु पऱ्योयसरी हेर्दा सामन्तवादले हामीलाई कतैबाट निर्देशन गरिरहेको अनुभूति हुदैन केही अवशेषको रूपमा बाहेक ।

राजनीतिक क्षेत्रको कुरा गर्ने हो भने जत्तिसुकै पैसा तिरेर भोट किने पनि, नाटक गरेर भोट खसाले पनि आखिर पर्दा लाएर भए पनि भोट गन्ने नै भो । यो नै पूंजीवाद हो । जागिर खाँदा आफ्नै मान्छेलाई अलि बढी नम्बर दिने भए पनि नाटकचाहि परिक्षाको गर्नै पर्ने भो । भनेपछि नियम पुऱ्याएर पदपूर्ति गर्ने नै भए । निर्वाचन गरेर नै राजनीति गर्ने भए । सबै नियम पुऱ्याएर गर्ने भनेको नै पुँजीवाद हो । यसले के देखाउँछ भने राजनीतिक क्षेत्रमा पनि पुँजीवाद हावी भयो । अब नेपालमा सामन्त वर्ग, राष्ट्रिय पुँजीपति वर्ग छैन, दलाल पूंजीवाद छ । दलाल पुँजीवादको दमनमा परेको जीविकामुखी अर्थतन्त्र हाम्रो छ । यो दलाल पुँजीवाद भूमण्डलीकृत पूंजीवादको नै रूप हो ।

अब रूपान्तरणकोकुरा गरौं । राजनीतिक रूपान्तरण बिनाआन्दोलन हुदैन । स्वाभाविक र सहज रूपमा समाजमा उत्पादक शक्तिले ल्याउने क्रमशः सुधार त हुन्छ नै । तर राजनीति सचेत आन्दोलन बिना रूपान्तरणको श्रृङ्खलाले तीब्रता लिदैन । यसो हो भने अबको राजनीतिक आन्दोलन के हुन्छ त ? मेरो विचारमा अबको कम्युनिष्ट आन्दोलन हिजो लेनिनले मेसिन र मानवश्रम मुख्य उत्पादक शक्ति हुने आधारमा डिजाइन गर्नु भएको थियो त्यो भूमण्डलीकृत पुँजीवादको युग थियो भने आज उत्पादक शक्ति गुणात्मक रूपमा फेरिएर नयाँ युगमा प्रवेश गरेको छ । हामीले आजको उत्पादक शक्ति तथा विज्ञान र प्रविधिमा आधारित भएर राजनीतिक आन्दोलन, संगठनात्मक प्रणाली र संघर्षको तरिका अविष्कार गर्दै जानु पर्छ,अर्को विकल्प छैन । यहाँ अर्को प्रश्न उठ्छ, राष्ट्रिय पुँजीपति वर्ग नै छैन भने दलाल पुँजीपतिसंग कसरी लड्छौं ?दलाल पुँजीपतिसंग केद्वारा लड्छौं भन्ने आजको युगको विशेषतालाई बुझ्नै पर्ने हुन्छ । एकाधिकार पुँजीवाद फेरिएर भूमण्डलीकृत पुँजीवादमा गएको छ । पुँजीवादको कोणबाट हेर्दा यो चौथो चरण हो-व्यापारिक पुँजीवाद, औद्योगिक पुँजीवाद, एकाधिकार पुँजीवाद र भूमण्डलीकृत पुँजीवाद । तर समाजवादी क्रान्तिको कोणबाट हेर्दा यसले वैज्ञानिक समाजवादी युगको प्रारम्भ गरिदियो । यो नयाँ निष्कर्ष हो । वैज्ञानिक समाजवादी युगको प्रारम्भ भैसकेको छ । यो क्रान्ति भैसकेपछि बनेको भने होइन । वैज्ञानिक समाजवादी युग विज्ञान र प्रविधिको विकासका कारणले शुरु भयो भनिएको हो । मार्क्स र एंगेल्सले के भन्नु भएको थियो भने वैज्ञानिक समाजवाद र साम्यवाद तबसम्म सम्भव छैन जबसम्म उत्पादन प्रचुर हुदैन । यो मार्क्सवादको उत्पादक शक्तिको मुख्य सिद्धान्त हो । विज्ञान र प्रविधिको आजको विकासले प्रचुर उत्पादन गर्न सकिने युग शुरु भयो । यसको उदाहरण इजराइलमा १५ प्रतिशत जनताले कृषिमा काम गरेर स्वदेशमा८५ प्रतिशतलाई पुऱ्याई विदेशमा निर्यात गर्नु हो । किनकि त्यो कृषिमा विज्ञान प्रविधि छ । इजाराइलकोजस्तो कम उब्जाउ माटो भएको ठाँउमा १५ प्रतिशतले काम गरेर सबैलाई पुऱ्याई निर्यात समेत गर्नु भनेको विज्ञान प्रविधिको प्रयोग हो । अब हामीसंग संसारभरिका मान्छेलाई पुऱ्याउने विज्ञान प्रविधिको विकास भएको छ भनेपछि पृथ्वीमा अन्नपात प्रचुर मात्रमा पुग्ने युग शुरु भयो । जसलाई पुँजीवादले कब्जा गरिरहेको छ । के यो वैज्ञानिक समाजवादको प्रारम्भ भएको हो । जसरी सामन्तवादको गर्भमा मिसिनको अविष्कारले भित्रभित्र पुँजीवादको विकास शुरु भयो त्यसरी नै पुँजीवादको गर्भबाट विज्ञान प्रविधियुक्त उत्पादक शक्तिले गर्दा वैज्ञानिक समाजवादको युग शुरु हुन्छ । यसलाई वाइफाइद्वारा संसारका मानिससंग जोडिन्छ । एउटा पुस्तक लाइब्रेरीमा राख्यो भने सीमित मान्छेले मात्र पढ्छ तर वेबसाइटमा राख्यो भने सयौ मान्छेले एकैचोटी पढ्नसक्छ । यो वैज्ञानिक समाजवादमा मार्क्स एंगेल्सले भनेको जस्तो प्रचुर उत्पादन सम्भव छ । यसकारणले यो भूमण्डलीकृत पुँजीवाद पनि हो र क्रान्तिको कोणबाट हेर्दा वैज्ञानिक समाजवाद बाध्यात्मक रूपमा आइसक्यो ।

अबको क्रान्तिको रणनीति समाजवादी क्रान्ति पहिला गर्ने र अनि मात्र समाजवाद निर्माण गर्ने भन्ने हुदैन । भूमण्डलीकृत पुँजीवादभित्रै वैज्ञानिक समाजवाद शुरु भैसकेको हुनाले त्यो शुरु भएको वैज्ञानिक समाजवादलाई बनाउदै बनाउदै अन्तिममा वैज्ञानिक समाजवादी क्रान्ति पुरा गर्ने हुन्छ । भनेपछि दलाल पुँजीवादसंग लड्न प्रारम्भदेखि नै पुँजीवादको समानान्तर वैज्ञानिक समाजवादी व्यवस्था निर्माण गर्न शुरु पर्छ । व्यवस्थाका तीन खुट्टा हुन्-राजनीति, संस्कृति र अर्थतन्त्र यी तिनै कुरा गर्नै पर्छ, अरु विकल्प छैन । हामीले हरेक क्षेत्रमा समाजवाद निर्माण गर्न थाल्नु पऱ्यो । वैज्ञानिक समाजवादी क्रान्ति पूरा गर्न अहिलेदेखि नै वैज्ञानिक समाजवादी व्यवस्था निर्माणगर्न लाग्नु पर्छ । ८२ प्रतिशत वामपन्थी भएको ठाउँमा सबभन्दा बढी पैसा कमाउने भ्याली कोल्ड स्टोर हुनु ?त्यो कोल्ड स्टोर अब जनताले बनाउनु पर्छ । जस्तै किताब लेख्ने वामपन्थी, पढ्ने पनि वामपन्थी, पसल हाम्रै साथीको तर सबभन्दा बढी पैसा कमाउने प्रकाशन गृह त्यो प्रकाशन गृह नै हामी बने के हुन्छ ? उत्पादनदेखि उपभोगसम्मको चक्रमा जसले भाउ तोक्छ, त्यही हो सत्ता । भाउ तोक्ने अधिकार प्राप्त नै सत्ताधारी हुन्छ । उत्पादनदेखि उपभोगको चार चक्र हुन्छ-उत्पादन, विनिमय, वितरण र उपभोग । अब कम्पनी र सहकारीहरू जनताले स्थापना गर्नु पर्छ । शेयर लगानी गराउनु पर्छ । उत्पादनदेखि उपभोगसम्मको चक्रमा दलालहरूलाई छिर्न दिनुहुदैन । हरेक क्षेत्र जस्तै : शिक्षा, पुस्तक, मासु, धान, तरकारी, अन्नबाली यी सबै क्षेत्र कम्युनिष्टहरूले चलाउनु पर्छ । अबको वर्गसंघर्षको नयाँ शक्तिशाली मोर्चा यही बनाउनु पर्छ । यहींबाट मात्रै हामी दलाल पुँजीवादसंग लड्न सक्छौं । हाम्रो आन्दोलनको दिशा बहुराष्ट्रिय दलाल पुँजीसंग लड्नका निम्ति समाजवादी आर्थिक योजना निर्माण गरेर मात्र सम्भब छ । हामीले विद्यमान शिक्षा प्रणालीको विकल्पमा समाजवादी शिक्षा प्रणाली, पुँजीवादी अर्थतन्त्रको विकल्पमा समाजवादी अर्थतन्त्र, संस्कृतिको क्षेत्रमा पनि समाजवादी संस्कृति, राजनीति पनि समाजवादी गर्न सक्छौं । समाजवादी राजनीति गरेपछि संसदीय चुनावको भँडखालोबाट मुक्त हुन्छौ, अन्यथा कम्युनिष्टहरू संसदीय भँडखालोबाट जोगिने सम्भावना छैन । करोडौ खर्च गरेर सांसदमा लड्ने पनि कोही कम्युनिष्ट हुन्छ । त्यसैलेअबको विकल्पपुरै समाजवादी व्यवस्थाको निर्माण गर्न थाल्ने हो । त्यो निर्माणमा बलिदान आवश्यक हुन्छ भने बलिदान गर्ने हो । अब जसले विज्ञान प्रविधि राम्रोसंग प्रयोग गर्छ उसैको जीत सुनिश्चित छ ।

*(साभार : इच्छुक प्रतिष्ठान प्रकाशनबाट)*

## राष्ट्रिय...

चिन्ता परेको भन्ने अभिव्यक्तिहरू व्यक्त भए । कार्यक्रम सिद्धिएपछि हाम्रो भेटमा डिउटीमा भएको एकजना प्रहरी जवानले के गर्ने देशमाथि वैदेशिक हस्तक्षेप हुँदा पेट पोलेर आउँछ, हामि आदेसबेगर चल्न पाइँदैन तपाइँहरूले राम्रो काम गर्नु भएको छ भनेर हाम्रो कार्यक्रमलाइ सकारात्मकरूपमा लिएका थिए । गितानगरको कार्यक्रममा भरतपुर तेर निवासी फणीन्द्र आचार्यले अभियान टोलिलाइ चिया खुवाएर स्वागत गर्नु भयो र उहाँले भन्नुभयो म राजनैतिकरूपमा राप्रपा. हुँ तर यो कार्यक्रमलाइ म दिलैदेखि स्वागत गर्दछु । वर्तमानमा कसैले गर्न नसकेको कार्यक्रम तपाइहरूले गर्नुभयो । तपाइँहरूलाइ बधाइ छ । अरु सबै सत्ता र भत्ताको लुछाचुँडिमा छन भनेर ऐक्यवद्धता जाहेर गर्ने काम भयो । २०७६माघ २५ गते माडि नगरपालिकाको सम्पुर्ण ठाउँमा पर्चा वितरण र जनजीवन उच्चमाध्यमिक विद्यालय खरकट्टाको गेटमा नेपालको नक्सासहितको ब्यानर टाँसियो । किर्तनपुर, वसन्तपुर र बरुवाबजारमा कोणसभा सम्पन्न गर्नुको साथै ब्यानर टाँस्ने काम भयो । माडिका कार्यक्रमहरूको संचालन चन्द्रप्रसाद सुवेदीले गर्नुभयो । किर्तनपुर र बरुवाको कार्यक्रममा विकासले विचार राख्ने काम भयो भने वसन्तपुरको कार्यक्रममा अशोक शर्माले संवोधन गर्नु भयो । यसैदिन माडी एफ.एमलाइ राष्ट्रियता सम्बन्धी अभियानको विषयलाइ लिएर विकासबाट अन्तर्वाता दिने काम भयो । माडी एफ.एम. का अध्यक्ष तथा पत्रकार सुर्य पाठकले यो देस भक्तिपुर्ण कार्यक्रम कसैले गर्न न सकेको काम तपाइँहरूले गर्नुभयो, एत्रो खर्चपर्च, मेहनत देसकोलागि गर्नुभयो भनेर मुक्तकण्ठले प्रशंसा गर्नु भयो ।

२०७६ फागुन १ गते २५औ महानु जनयुद्ध दिवस अभियानकै दौरानमा भव्यताका साथ सम्पन्न गरियो । नारायणगढको लायन्सचोकबाट जुलुस सुरु भई पुल्चोकमा पुगेर सभामा परिणत भएको थियो । उक्त कार्यक्रमको संचालन सुरेश गौतमले गर्नुभयो भने सभालाई पार्टी वैकल्पिक पोलिटब्युरो सदस्य अम्बिका मुडभरी र चितवन जिल्ला सेक्रेटरी अशोक शर्माले जनयुद्धको योगदान, महत्व र वर्तमानमा हाम्रो देशमा ठोस परि स्थितिको ठोस विश्लेषणसहितको जनयुद्धको आवश्यकता र औचित्यता अझ बढेर गएको विचारसहित आ-आफना मन्तव्य राख्ने काम भयो । यसपछि पनि चितवनमा अभियानका कार्यक्रमहरू निरन्तर अगाडि बढिरहेका छन् ।

कार्यक्रममा भारतीय विस्तारवाद मूर्दावाद, भारतीय प्रधानमन्त्री नरेन्द्र मोदी मूर्दावाद, अमेरिकी साम्राज्यवाद मूर्दावाद, भारतीय सेना नेपाल छोड, कालापानी लिम्पियाधुरा, लिपुलेक नेपालको भूमि हो, राष्ट्रघाती दलाल ओली सरकार मूर्दावाद, वीर सहिद लालसलाम, नेकपा (क्रान्तिकारी माओवादी) जिन्दावाद, देजमो नेपाल जिन्दावादजस्ता गगनभेदी नारा सबै कार्यक्रममा लगाइएको थियो ।

***निष्कर्ष***

यो अभियनअन्तरगत गरिएका कार्यक्रमहरूले धेरै सकारात्मक परिवर्तन ल्याउन सहयोग पुरायको छ र त्यसमा केही कमीकमजारी पनि छन्, जसलाई सुधानु आवश्यक छ ।

***सकारात्मक पक्षहरू***

कार्यक्रमले जनतामा राष्ट्रियतासम्बन्धी विषयलाई स्पष्ट पार्ने काम भएको छ । राष्ट्रियता के हो ? भारतले हाम्रो भूमिमाथि कसरी हस्तक्षेप गरेको छ ? अमेरिका हाम्रो देशमा कुन उद्देश्यका साथ कसरी आउँदैछ ? भन्ने कुरा यो अभियानले जनतालाई सुसूचित हुन मद्त भएको छ । अधिकांश जनताले एमसीसी (मिलिनियम च्यालेञ्ज कर्पोरेशन) खारेज गर्नुपर्दछ कालापानी, लिम्पियाधुरा, लिपुलेक तुरुन्त फिर्ता गरेर नेपालको नक्सामा पारेर नक्सा जारी गर्नुपर्दछ । भारतद्वारा अतिक्रमित सम्पूर्ण नेपाली भूमि फिर्ता गर्नुपर्दछ । सिमानामा तारबार लगाउनु पर्दछ । सीमामा सुरक्षा चौकी राखेर सीमा सुरक्षा गर्नुपर्दछ जस्ता विचारहरू व्यक्त भएका छन् र यसले देशभक्तिपूर्ण विचारको विकास भएको छ ।

***कमजोरी पक्ष***

जनता देशभक्तिपूर्ण आन्दोलनमा जोडिने वा संघर्षको विकास गर्ने काम आशा गरे जति अगाडि बढ्न सकेको छैन तै पनि व्यापक रूपमा प्रचारप्रसार भएको छ तर छरिएर रहेका देशभक्त शक्ति तथा व्यक्तिहरूलाई संगठनमा आबद्ध हुन सकेको छैन । राष्ट्रिय स्वाधिनताको रक्षा र संगठन विस्तार अभियानमा सोचेअनुसार संगठन विस्तार हुन सकेको पाइएन । यद्धपि यो अभियानले भावी दिनहरूमा संगठन विस्तार गर्नका लागि मद्दत अवश्य पुग्ने छ । साथै छोटो समयमा यति धेरै कार्यक्रमहरू सफलतापूर्वक सम्पन्न भए तर आम सञ्चारका माध्यमहरूबाट प्रचारप्रसार गर्ने विषयमा पनि हाम्रो ध्यान पुग्न सकेन । यथार्थता के पनि हो भने कतिपय मिडियाहरूले हाम्रो यो कार्यक्रमलाई प्रचार गर्न रुची देखाएनन् । यसका पछाडि नेपालका ठूला मिडिया हाउसहरूमा वैदेशिक शक्तिकेन्द्रहरूको प्रभावले काफी काम गरेको प्रतित हुन्छ । *चितवन, २०७६/११/१६*

आरामदायी र भरपर्दो यात्राका लागि हामीलाई सम्झनुहोस् ।

**खोटाङ यातायात प्रा.लि.**

काठमाडौंबाट- **हलेसी,**
ऐसेलुखर्क, बाक्सीला, भोजपुर,
ओखलढुंगा, सोलु जानु परेमा
हामीलाई सम्झनुहोस् ।

**सम्पर्क–**

कोटेश्वर- ०१४६०१६८०
९८५१२४५६८०
चाबहिल- ९८५१२४५६८०
दिक्तेल- ०३६४२०६७३, ०३६४०२०६८०

## आलोपालो

# इतिहासबाट पाठ सिकी वर्तमानमा पाइला चाल्नु जरुरी

*नेपाल २१औं शताब्दीमा आइपुगि सक्दा पनि उहि बिग्रन्दो स्थितिबाट माथि उठ्न नसक्नुको मूल जड भनेको सामन्तवादी राज्यसत्तालाई टिकाई राख्न सिर्जना (निर्माण) गरिराखेको त्यो चार खम्बाहरू, व्यवस्थापिका, कार्यपालिका, न्यायपालिका र सुरक्षा इकाई, यी चार खम्बा माथि टिकीरहेको वर्तमानको यो दलाल नोकरशाही पूँजीवादी अर्ध-सामन्ति तथा अर्ध-(नव) औपनिवेशिक राज्य व्यवस्था नै हो*



● पुष्प गोपाल श्रेष्ठ ●

देश स्वतन्त्र चाहन्छ, जनता मुक्ति चाहन्छ । मुक्ति र स्वतन्त्रता भनेको क्रान्तिकारी पार्टीका क्रान्तिकारी कम्युटिष्ट हौं भन्ने सुगारटाइको भरमा प्राप्त हुने कुरा होइन । न यो रोई कराई दुबै हात फैलाएर भिख माग्दैमा पाउने कुरा हो । मुक्ति र स्वतन्त्रताको निम्ति क्रान्तिकारी आन्दोलनको जरुरी पर्दछ । क्रान्तिकारी आन्दोलन पराजित मानसिकताले हाँक्न सक्तैन । क्रान्तिकारी आन्दोलन हुन र गर्न सच्चा क्रान्तिकारी पार्टी बिना सम्भवन हुन्न । त्यसो भन्नुको अर्थ नाउँ मात्रको क्रान्तिकारी पार्टी होइन । जन-सेना बिनाको पार्टी सच्चा क्रान्तिकारी पार्टी बन्न सक्तैन भनेर, सर्वहारा वर्गिय नेता माओत्सेतुङले त्यतिकै भनेका होइनन् । सच्चा क्रान्तिकारी पार्टीसँग जनसेना त हुनैपर्छ । फेरि यसो भनेर जनसेना भनेका आकाशबाट खुसुक्क तल झर्ने होइन, न यो धर्तिबाट सुटुक्क पलाउने नै हो । जनसेना भनेका खासमा श्रमजिवी जनता हुन । जो मार्क्सवाद-लेनिनवाद-माओवादी सिद्धान्तमा आधारित राजनैतिक चेतना अर्थात बैचारिक हतियारबाट शुसज्जित श्रमिक जनता नै जनसेना हुन् । यसो भनेर फेरि साराका सारा श्रमिक जनता क्रान्तिकारी जनसेना नै हुन् भन्ने कुरा होइन । त्यसमध्ये कतिपय आवारागिरिहरू पनि हुन्छन् जो, सैद्धान्तिक एवम् राजनैतिक चेतना बिहिन छन् ।

क्रान्तिकारी कम्युनिष्ट पार्टीले क्रान्तिकारी संघर्षको दौरानमा देश, काल र परिस्थिति हेरी आवश्यक्ता अनुरूप यसलाई भौतिक हतियारधारी सेना फर्मेसनमा परिणत पनि गर्न सकिन्छ र गर्नुपर्ने हुन्छ । तर, हतियारधारी सेना फर्मेसन गर्दा, सेना हतियारको नीति निर्देशनमा होइन बरु बैचारिक नीति निर्देशनलाई कढाइकासाथ अनुशासित भई अगाडि बढ्ने अनुमति स्थापित गरेको हुनुपर्छ ।

नेपाल २१औं शताब्दीमा आइपुगि सक्दा पनि उहि बिग्रन्दो स्थितिबाट माथि उठ्न नसक्नुको मूल जड भनेको सामन्तवादी राज्यसत्तालाई टिकाई राख्न सिर्जना (निर्माण) गरिराखेको त्यो चार खम्बाहरू, व्यवस्थापिका, कार्यपालिका, न्यायपालिका र सुरक्षा इकाई, यी चार खम्बा माथि टिकीरहेको वर्तमानको यो दलाल नोकरशाही पूँजीवादी अर्ध-सामन्ति तथा अर्ध-(नव) औपनिवेशिक राज्य व्यवस्था नै हो । जवसम्म यो व्यवस्था कायम् रहिरहन्छ तवसम्म नेपालको उन्नति हुने आशा पालेर बस्नु महाभूल हुनेछ मात्र होइन महाभूल भइरहेको छ । यो देश र जन-विरोधी व्यवस्थालाई ध्वष्त पारी, नयाँ जनवादी व्यवस्था (संघिय जनगणतन्त्र) कायम गर्न सशस्त्र जन-विद्रोह नै आजको एकमात्र अनिवार्य शर्त हो र यसलाई कुनै अर्थमा पनि नकार्न मिल्दैन ।

सच्चा क्रान्तिकारी कम्युनिष्टहरूले विगतका इतिहासबाट पाठ सिकी वर्तमानको आवश्यक्ता अनुरूप पाइला चाल्न सक्नु पर्दछ । हाम्रो पुर्खाले आर्ज्याको सम्पत्ति भन्दै सामन्ति संस्कार 'आफु भलो त जगत भलो' भन्ने व्यक्तिवादी सोचमा डुबेर आफु बसिबसि खाने, अरुलाई चाहिं मरणान्त हुनेगरी जोत्नसम्म जोतेर आएको फल जम्मै आफुले सोरपटर गरी खाने, तर फल फलाउने श्रमिकले भने आफ्नो श्रमको फल चाख्नसम्म नपाउने गरी स्थापित रितिरिवाजभित्र रमाएर, नयाँ नेपाल बनाउने सपना बुन्न चाहिं नछोड्ने, यस्तो उदेग लाग्दो चालाले किमार्थ नयाँ नेपाल निर्माण गर्न सकिन्न । नयाँ नेपाल निर्माण गर्न हामीले हाम्रो पुरानो समाजको जगमा उभिएर नयाँ नेपालको निर्माण कसरी हुन्छ ? यो असम्भव कुरा हो । नयाँ नेपाल निर्माण गर्न आजको आवश्यक्ता अनुरूप भन्नु नै नयाँ सोचको नयाँ संस्कार (नयाँ संस्कृति) निर्माण गरी, नयाँ संस्कारको जगमा उभिएर नयाँ नेपाल निर्माण गर्ने जमर्को गर्न सक्नुपर्छ ।

हामीले हामीभित्र पनपनाई रहेको हाम्रो आफ्नो कमजोरी पनलाई पहिचान गरी, त्यस्तो कमजोरिपनबाट मुक्त हुनु पर्छ भन्ने सोच्नसम्म *बाँकी ७ पेजमा*

## डा.ऋषिराजलाई..

हुतराज राजधानी प्रस्थान (२०४८) ३. समरगाथा (२०६४) ।

**कथासंग्रह**

१. गाउँको कथा भन्छु है त (२०४२)२. भग्नावशेष (२०४४), ३.बयान (२०५२), ४.वनमान्छेको कथा (२०५४), ५ सैन्यउपहार (२०५८), ६. पैंयु फुल्न थालेपछि (२०६३), ७. ऋषिराज बरालका प्रतिनिधि कथाहरू (२०६७), ८.बर्की नम्बर १३९९९ (२०७१) ।

**निबन्ध**

१. फेरि लालभन्ज्याङ्मा उभिएर (२०६२), २. प्रियजनहरूको सम्झनामा (२०६४), ३. कुहिरो र घोडचढीहरू (२०६६) ।

**दैनिकी,**

१. सलाम रोल्पा (२०६९)

**समालोचना**

१. प्रगतिवाद र नेपाली उपन्यास (२०४०),२. प्रगतिवाद (२०४८), ३. मार्क्सवाद र उत्तरआधुनिकतावाद (२०५२), ४. उपन्यासको सौन्दर्यशास्त्र (२०५६), ५ सङ्गीत र सौन्दर्य (२०६३), ६. उत्तरआधुनिकतावाद र समकालीन यथार्थ (२०६३), ७. सूचनाभूमण्डलीकरण र सांस्कृतिक साम्राज्यवाद (२०६३), ८.साहित्य र समाज (२०६४), ९. सत्ता र संस्कृति (२०६६), १०. मार्क्सवाद र सबाल्टर्न अध्ययन (२०७३) ।

त्यसैगरी राजनीतिक क्षेत्रमा 'नेपाली जनयुद्ध' र 'आजको साम्राज्यवाद र माओवादी आन्दोलन' जस्ता पुस्तकहरू रहेका छन् ।

## अखिल...

विद्यालयहरूमा सुरु भएको वार्षिक परीक्षा प्रभावित हुने भन्दै आम शैक्षिक हड्ताल फिर्ता लिएको थियो ।

नेताहरूको रिहाईका लागि देशभक्त जनगणतान्त्रिक मोर्चा, नेपालले पनि झुठा मुद्दा खारेज गरी अविलम्ब रिहाईको लागि माग गरेको छ । मोर्चाका अध्यक्ष सीपी गजुरेलले वक्तव्य जारी गरी रिहाई गर्न सरकारसित जोडदार माग गरेका हुन् । संगठनका महासचिव पेशल दाहालले पनि लगत्तै एक वक्तव्य जारी गरी रिहाईको माग गरेका थिए ।

प्रहरी प्रशासनले भने मुद्दा अनुसार प्रक्रियामा मात्र छुट्ने बताएको छ । प्राप्त जानकारी अनुसार शुक्रबार प्रहरीले विद्यार्थी नेताद्वयको बयान लिएको छ । शुक्रबारै सरकारी वकिल कार्यालयमा बयानका लागि लगिने बताए पनि मंगलबार मात्र सरकारी वकिलकोमा लगिने र मंगलबार रिहा हुन सक्ने बताइएको छ । यता अखिल (क्रान्तिकारी)का महासचिव दाहालले भने राज्यले अनेकौं षड्यन्त्र गरिरहेकोले रिहाईका लागि संगठनले निरन्तर दबाबका दिइरहेको बताए ।

यसैबीच, अखिल (क्रान्तिकारी) लगायत चारवटा विद्यार्थी संगठनले पनि गिरफ्तार नेताहरूको तत्काल रिहाईको लागि जोडदार माग गरेका छन् । अखिल (क्रान्तिकारी)का अध्यक्ष चिरञ्जीवी ढकाल, समाजवादी विद्यार्थी युनियनका अध्यक्ष रूपनारायण श्रेष्ठ, अखिल नेपाल विद्यार्थी युनियनका सचिवालय सदस्य सन्देश भट्टराई, अखिल (क्रान्तिकारी)का महासचिव पेशल दाहालले संयुक्त रूपमा वक्तव्य जारी गरी रिहाईको माग गरेका हुन् ।

**झुठा मुद्दा खारेज गरी विद्यार्थी नेताहरूलाई अविलम्ब रिहाई गर्न देजमोको जोडदार माग**

यसैगरी देशभक्त जनगणतान्त्रिक मोर्चा, (देजमो) नेपालले १ जना विदेशी दलालका उजुरीमा अखिल (क्रान्तिकारी)का अध्यक्ष हरिकृष्ण गजुरेल र उपाध्यक्ष शिलु न्यौपानेलाई पक्राउ गरी झुठा मुद्दा लगाएको भन्दै झुठा मुद्दा खारेज गरी ससम्मान उनीहरूलाई रिहाई गर्न सरकारसित जोडदार माग गरेको छ । मोर्चाका केन्द्रीय अध्यक्ष सीपी गजुरेलले बुधबार एक वक्तव्य जारी गर्दै थुनामा राखिएका विद्यार्थी नेताहरूलाई अविलम्ब रिहाई गर्न माग गरेका हुन् ।

वक्तव्यमा भनिएको छ, 'यही २०७६ फाल्गुन २१ गते नेपालको प्रहरीले १ जना विदेशी दलालको उजुरीका आधारमा नेपालको वामपन्थी विद्यार्थी संगठन, अखिल (क्रान्तिकारी) का केन्द्रिय अध्यक्ष हरि कृष्ण गजुरेल र केन्द्रिय उपाध्यक्ष शीलु न्यौपानेलाई हिँडिरहेकै बेलामा बुढानीलकण्ठबाट गिरफ्तार गरी झुठ्ठा मुद्दा लगाएर थुनामा राखेको छ । यस घटनाको हामी निन्दा र भर्त्सना गर्दछौं । यसले नेपालको प्रहरी प्रशासनले कसको इशारामा काम गरिरहेको छ भन्ने प्रश्न गम्भीर रूपमा उठाएको छ । थुनामा रहेका उपरोक्त विद्यार्थीहरू माथि लगाइएको झुठ्ठा मुद्दा खारेज गरी अविलम्व स-सम्मान रिहाईको लागि हामी ओली नेतृत्वको सरकारसँग जोडदार माग गर्दछौं ।'

विद्यार्थी नेताहरू गजुरेल र न्यौपानेलाई बुढानिलकण्ठस्थित यूरो किड्सबाट २१ गते विनाकारण प्रहरीले गिरफ्तार गरेर हिरासतमा राखिरहेको छ ।

# बर्दियामा अन्तर्राष्ट्रिय महिला श्रमिक दिवस भव्य रूपमा सम्पन्न



बर्दिया जिल्लामा नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी) निकट भातृ संगठन अखिल नेपाल महिला संघ (क्रान्तिकारी) बर्दिया जिल्ला समितिको आयोजनामा ११० औ अन्तर्राष्ट्रिय महिला श्रमिक दिवस भव्य रूपमा सम्पन्न गऱ्यो । कार्यक्रमको सञ्चालन ममता गौतमले गर्नुभयो र सभापति बिमला ओलीले कार्यक्रमको प्रमुख अथिति नेपाल कम्युनिस्ट पार्टी (क्रान्तिकारी माओवादी) का पोलिटब्युरो सदस्य ले गर्नुभयो र अथिति (क्रान्तिकारी माओवादी) का बर्दिया जिल्ला सचिव बिपिन क्षेत्रीले गर्नुभयो ।



रोनिश स्याङजाली खाजाघर

हामीकहाँ गुणस्तरीय खाना, सुकुटी, छोय्ला, चिकेन मःमः, बफ मःमः र हरेक प्रकारका चाउमिन अर्डरअनुसारका नास्ताहरू उपलब्ध छ ।

सम्पर्क : ९८४७५९६२१६

बर्तुङ, तानसेन पाल्पा

रोयल बुईपा A/C जम्बो हाईस



गाईघाट-लहान-खुर्कोट हुँदै काठमाडौंसम्म

| काठमाडौं सम्पर्क नम्बर | | गाईघाट सम्पर्क नम्बर | |
|---|---|---|---|
| बसन्त खड्का | - ९८४२८३७७९३ | फोन नं. | ०३५-४२१६४३ |
| | - ९८१७७१९६९७ | पुरुषोत्तम खनाल | - ९८५२८३५६९० |
| ईन्द्र कट्टेल | - ९८१८४१५२९० | | - ९८१५७८४८७४ |

दैनिक दिवा सेवा तथा आरामदायी र भरपर्दो यात्राको लागि हामीलाई सम्झनुहोस् ।

अन्तर्राष्ट्रिय श्रमिक महिला दिवस

'महिला सम्मानको आधारः सीपयुक्त हात र स्वरोजगार'

'बदलिंदो परिवेशमा कामकाजी महिलाः सन् २०३० सम्ममा बराबरी पाइला'

नेपाल सरकार

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

सूचना तथा प्रसारण विभाग








गोकर्णेश्वर नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

जोरपाटी काठमाडौ

३ नं. प्रदेश नेपाल



सूचना



१. स्वास्थ्य र पौस्टिक खान खाऔ, नियमित स्वास्थ्य जाच गरौ
२. हाम्रो नगरको पहिचान, संस्कृति गौरव र अस्तित्व विशिस्ट मौलिकता बोकेको गोकर्णेश्वर नगर
३. सुशासन, सरसफाई र विकास निर्माणमा सबै स्थानीय जनताहरु जागरुक हऊ
४. बच्चा ५ वर्ष नपुगुन्जेल नजिकको स्वास्थ्य संस्थामा सम्पर्क राखी बच्चालाई खुवाउनु पर्ने पोषिलो खानेकुराबाट जानकारी लिई पोषण स्थिति थाहा पाउन तौल लिई वृद्धि अनुगमन गरौ
५. म्याद गएको सामग्रीहरुको बिक्री वितरणमा रोक लगाऔ उपभोक्ताको जीवनसंग खेलवाड नगरौ
६. बोट बिरुवा रोपौ गोकर्णेश्वर नगरपालिकालाई स्वच्छ सफा र हरामरा बनाऔ ।

भिम बहादुर शाही

प्रशासन, योजना तथा अनुगमन शाखा

गोकर्णेश्वर नगरपालिका


**प्रकाशक** : वर्गदृष्टि मिडिया प्रा.लि., **प्रबन्ध निर्देशक** : हुकुमबहादुर सिंह, **सम्पादक** : इन्द्रबहादुर राउत, **फोटोः** जय दाहाल, **कार्यालय** : काठमाडौं-१०, बुद्धनगर **सम्पर्क नं.** : ९८५१०७६८६४, ०१-५२६०११२ **इमेल** : bargadristi073@gmail.com, **मुद्रण** : सुजल अफसेट प्रेस, बागबजार, काठमाडौं ।